हेटौडा उपमहानगरपालिका

वडा नं. १२

बालबालिकाको वस्तुगत विवरण- २०७९

CHILDREN PROFILE-2079

बालबालिकाको वस्तुगत विवरण- २०७९

प्रकाशक

हेटौडा उपमहानगरपालिका
वडा नं. १२ को कार्यालय

विषय सूची

खण्ड १ परिचय 3

१.१ वडाको परिचय 3

१.२ ऐतिहासिक पृष्ठभूमि तथा विशेषता 3

१.३ प्रमूख व्यवसाय र रोजगारीको अवस्था 3

खण्ड २ बालमैत्री स्थानीय शासनको वडागत अवधारणा 4

२.१ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता 4

२.२ विद्यमान ऐननियममा बालबालिका सम्बन्धि भएको व्यवस्था 5

२.२.१ नेपालको संविधान 5

२.२.२ स्थानीय सरकार संचालन ऐन २०७४ 5

२.२.३ बालबालिका सम्बन्धि ऐन २०७५ 6

२.२.४ दिगो विकास लक्ष्य 6

२.२.५ बाल अधिकार सम्बन्धि महासन्धि १९८९ 7

२.२.६ बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ 7

२.२.७ बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ 7

२.२.८ बाल विवाह अन्त्यकालागि राष्ट्रिय रणनीति २०७२ 7

२.२.९पन्ध्रौं योजना (२०७६/७७–२०८१/८२) 8

२.३ बालमैत्री स्थानीय शासनको पृष्ठभूमि 8

२.३.१ बालमैत्री 8

२.३.२ बालमैत्री स्थानीय शासन 8

२.४ बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र 9

२.४.१ बाल बचाउ 9

२.४.२ बाल संरक्षण 9

२.४.३ बाल विकास 10

२.४.४ बाल सहभागिता 10

२.५ बाल समूह सम्बन्धि विवरण 10

२.६ वडा तहको शासकिय संरचनामा बाल सहभागिता 10

२.७ बाल भेला र बालबालिकाकोलागि बजेट विनियोजनको विवरण 11

२.८ बाल भेला र बालबालिकाकोलागि बजेट विनियोजनको विवरण 11

खण्ड ३ वडाको जनसंख्या 12

३.१ बालबालिका उपश्थित घरपरिवार र घरमुली संख्या 12

३.२ लिङ्ग, उमेर समूह तथा जातिगत आधारमा जनसंख्या 12

३.२ बालबालिकाको जनसंख्या 14

३.३ भाषाका आधारमा जनसंख्या 14

३.५ जन्मदर्ता सम्बन्धि विवरण 15

३.६ बाल विवाहको अवस्था 15

३.६.१ विवाह सम्बन्धि विवरण 15

३.६.२ उमेरगत विवाह सम्बन्धि विवरण 15

३.६.३ बाल विवाह सम्बन्धि विवरण 16

३.७ प्रति परिवार औषत बालबालिका संख्या 16

३.९ अपाङ्गता भएका बालबालिका सम्बन्धि विवरण 16

खण्ड ४ वडाको बाल तथा मातृ स्वास्थ्य.......... 17
४.१ सुरक्षित मातृत्व कार्यक्रम 17
४.२ खोप लगाउने बालबालिका सम्बन्धि विवरण 17
४.३ बालबालिकामा पोषणको स्थिति 18
४.३.१ स्तनपात सम्बन्धी विवरण 18
४.३.२ कुपोषणबाट प्रभावित बालबालिका सम्बन्धी विवरण 19
४.४ बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरु 19
४.५ मुख्य उपचार केन्द्र, लाग्ने समय र सामर्थ्य 19
४.६ प्रसुति पूर्व ४ पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने गर्भवति महिलाहरुको विवरण 20
४.६.१ प्रसुति पूर्व गर्भवति महिलाहरुको स्वास्थ्य परिक्षण विवरण 20
४.६.२ प्रसुति पश्चात आमा र नवजात शिशुको स्वास्थ्य परिक्षण विवरण.......... 21
४.७ टिडी खोप सम्बन्धी विवरण.......... 21
४.८ आइरन चक्की सेवन सम्बन्धी विवरण 22
४.९ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरुको विवरण 22
४.१० नियमित रुपमा तौल लिइएका बालबालिका सम्बन्धि विवरण 23
४.११ भिटामिन ए तथा जुकाको औषधि खाएका बालबालिका सम्बन्धि विवरण 24
४.१२ एचआइभी संक्रमित आमाबाट जन्मेका बालबालिका.......... 24
४.१३ आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार सम्बन्धी विवरण 24
४.१४ शौचालय तथा सरसफाई सम्बन्धी अवस्था 24
४.१५ खानेपानीको श्रोत तथा उपलब्धता सम्बन्धी विवरण.......... 26
खण्ड ५ वडाको शैक्षिक अवस्था 29
५.१ महिला तथा बालबालिकाको साक्षरता विवरण 29
५.२ शैक्षिक संस्थाहरुको विवरण.......... 29
५.३ छात्रछात्राको विवरण 30
५.३.१ शैक्षिक संस्था र विध्यार्थी विवरण.......... 30
५.३.२ वडामा अध्ययनरत बिद्यार्थी विवरण 30
५.४ विद्यालय पुग्न लाग्ने समय.......... 31
५.५ विद्यालयमा खानेपानीको सुविधा.......... 32
५.६ छात्रछात्राहरुको लागि शौचालयको व्यवस्था.......... 32
५.७ कक्षाकोठा, फर्निचर, खेल मैदान सम्बन्धि विवरण 32
५.८ विद्यालय भर्ना नभएका बालबालिकाको विवरण 33
५.९ विद्यालय जान छोड्नेहरु सम्बन्धि विवरण.......... 33
५.१० बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण 34
खण्ड ६ वडामा बाल संरक्षण.......... 35
६.१ द्धन्द्ध पिडित तथा जोखिममा परेका बालबालिका सम्बन्धी विवरण.......... 35
६.२ विस्तापित बालबालिका सम्बन्धी विवरण 35
६.३ बालबालिकामाथि हुने भेदभाव सम्बन्धी विवरण.......... 35
६.४ बालश्रमिक सम्बन्धी विवरण 36
६.५ बाल यौन शोषण तथा बेचविखन सम्बन्धी विवरण 36
६.६ सडक बालबालिकाको विवरण 36

६.७ कुलतमा लागेका बालबालिकाको विवरण..36
६.८ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण..36
६.९ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण...36
६.१० जाडो तथा गर्मिका कारण मृत्य हुने गर्भवति महिला तथा बालबालिकाको विवरण..................................36
६.११ संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण...37
खण्ड ७ वडाको आर्थिक विकास 38
७.१ पेशा तथा रोजगारीको अवस्था सम्बन्धी विवरण...38
७.२ आम्दानीले खान पुग्ने अवस्था सम्बन्धी विवरण 38
७.३ युवा पेशा/रोजगारी सम्बन्धी विवरण 39
७.४ रोजगारीकालागि विदेशमा गएकाहरुको विवरण...39
खण्ड ८ वडाको प्रकोप तथा शान्ति सुरक्षा...40
८.१ प्रकोपको विवरण..40
८.२ प्रकोपबाट भएको क्षतिको विवरण 40
८.३ बाल अपराधको विवरण 40

खण्ड १ परिचय

१.१ वडाको परिचय

२०७१ साल मंसिर १६ गतेको नेपाल सरकारको निर्णयबाट हेटौंडा उपमहानगरपालिका स्थापना भएको हो। नेपालको संविधान २०७२ अनुसारको नयाँ संरचना अनुरुप मकवानपुर जिल्लाका एक मात्र उपमहानगरपालिका बागमति प्रदेशको राजधानीको रुपमा रहेको छ। यस उपमहानगरपालिकामा जम्मा १९ वटा वडाहरु छन्।

वडा नम्बर १२ को क्षेत्रफल १६.१४ वर्ग कि.मी. रहेको छ। यस वडाको पुर्व सिमानामा वडा नं. ९, पश्चिमा मनहरी गाँउपालिका, उत्तरमा राप्ति खोला (वडा नं. ३, ११ र १९) र दक्षिण तर्फ वडा नं. १३ अवस्थित छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस उपमहानगरपालिकाको कूल जनसंख्या १,९३,५७६ (९५,६७८ पुरुष र ९७,८९८ महिला) रहेको छ। यस वडामा घरधुरी तथ्याङ्क संकलन सर्वेक्षण, २०७९ अनुसार १८ वर्ष मुनिका बालबालिकाको जनसंख्या ३,०७८ रहेको छ जस्मा १,५७८ बालक र १,५०० बालिका रहेका छन्।

१.२ ऐतिहासिक पृष्ठभूमि तथा विशेषता

वडा नं. १२ साबिकको पदमपोखरी वडा नं. ४, ५, ७, ८ र ९ मिलेर बनेको हो। यस वडाको मुख्य बस्तिहरुमा सिग्रेनी, कल्याणटार, आल्दमार, पानतले, हात्तिगौडा, भोर्ले, रमनटार र घरेटिडांडा हुन भने उत्तरतिरबाट राप्ति खोलाले सिमाना छुट्ट्याएको छ। यसको अधिकांस भागहरु ग्रामिण स्तरका छन।

१.३ प्रमूख व्यवसाय र रोजगारीको अवस्था

यस वडामा ज्याला मजदुरीको क्षेत्रमा ३०% र कृषि र पशुपालनको क्षेत्रमा २३% परिवारहरु आवद्ध रहेका छन्। ब्यापार-व्यवसायको क्षेत्रमा १०% परिवार आवद्ध छन्। यस सम्बन्धमा विस्तृत विवरण खण्ड सात मा उल्लेख गरिएको छ।

यस वडाबाट वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको संख्या ५२९ रहेको छ र ती मध्ये १५.९ प्रतिशत महिला छन्। उनीहरुबाट प्राप्त विप्रेषणबाट १७% परिवारको जीविकोपार्जन धानिएको छ।

खण्ड २ बालमैत्री स्थानीय शासनको वडागत अवधारणा

२.१ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता

- उमेर, परिपक्कता, पारिवारिक स्थिति, वातावरण, सक्षमता, अनुभव र उनीहरूले पाएका अवसरहरूको आधारमा बालबालिकाको परिभाषा गर्न सकिन्छ। तर बालबालिका सम्बन्धी ऐन २०७५ को अनुसार "बालबालिका भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ती सम्झनु पर्छ।"
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ अनुसार बालबालिका भन्नाले १८ बर्ष उमेर ननाघेका बालबालिकालाई सम्झनु पर्छ।
- अन्तराष्ट्रिय महासंन्धी १९८९ का अनुसार कानूनले वयस्कताको उमेर कम तोकेको अवस्थामा बाहेक बालबालिका भनेको १८ बर्ष भन्दा कम उमेरका सबै बालक वा बालिका हुन।
- नेपालको बाल श्रम निषेध र नियमन गर्ने ऐन २०५६ ले ए १४ बर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रूषमा काममा लगाउनु हुदैन भनी १४ बर्षलाई बालबालिकाको उमरे समूहको रूपमा चित्रण गरेको छ।

यसरी भिन्न भिन्न परिवेशमा भिन्न भिन्न उमेर समूहलाई आधार मानि बालबालकाको परिभाषा गर्न खोजिएको पाईन्छ तर बालमैत्री स्थानीय शासनको सन्दर्भमा बालबालिका भन्नाले १८ बर्ष उमेर ननाघेका बालबालिकालाई सम्झनु पर्दछ।

बालमैत्री स्थानीय शासनको आवश्यकता निम्नानुसार छन्:

- बालबालिकाको आधारभूत अधिकारको संरक्षण र उनीहरूको विकासका लागि अनुकूल र बालमैत्री वातावरणको सिर्जना गर्न
- बालबालिका विरुद्ध सबै प्रकारको शोषण, दुर्व्यवहार, जोखिम र भेदभावको अन्त्य र बालबालिकाहरूको जीवनस्तरमा सुधार गर्न
- बालबालिकाले आफ्नोलागि आफै योजना बनाउने परिपाटी स्थापित गर्न
- बालबालिकाहरूमा आत्मबल र विश्वासको विकास भई वयस्क प्रति सम्मानको भावना जागृत पार्न
- बालबालिकाहरू आफ्नो अधिकार प्राप्त गरी कर्त्यव्य प्रति पनि जिममेवारी बोध गर्न
- बाल संजालहरुको विकास, बाल सहभागिताको विकास र गाउँ समाजको नाम राख्न
- बालबालिकाको उज्जवल भविष्य निमणि गर्न
- परिवार र स्थानीय निकायहरुमा बालबालिका प्रति संवेदनशील भई लगानी गर्ने बानीको विकास गर्न
- बालबालिकाका इच्छा, चाहाना, सवाल र समस्या प्रति सरोकारवालाहरुलाई जिम्मेवार बनाउन
- बालबालिकालाई सुरक्षित रूपमा भविष्य निर्माण गर्ने वातावरण बनाउन
- निर्णय प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता गराई उनीहरूको आवाज सुनुवाई गर्न
- बाल सरोकारका विषयमा बालबालिकाले नेतृत्व लिने अवसर निर्माण गर्न
- आफ्ना सरोकारका विषयमा बालबालिकाले बोल्न पाउनु र उनीहरूले बोलेका कुराहरू निर्णयकर्तालाई बुझाउन सक्ने सकने अवसरको श्रृजना गर्नु
- बालबालिकालाई हेला, श्रमशोषण, दुर्व्यवहार, बेचबिखन जस्ता जोखिमहरूबाट संरक्षण गर्न
- देशको लागि सक्षम नागरिक तयार गर्दै समाजको अग्रगामी विकास गर्न।

२.२ विद्यमान ऐननियममा बालबालिका सम्बन्धि भएको व्यवस्था

२.२.१ नेपालको संविधान

नेपालको संविधान, २०७२ को मौलिक हक अन्तर्गत ३९ नं. बुँदामा बालबालिकाको अधिकारलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ। जसमा निम्न कुराहरु उल्लेख गरिएको छः

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्व विकासको हक हुनेछ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुन सुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल नयायको हक हुनेछ।

(९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुने छन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासकालागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रकृयासंग अनुकुल हुनेगरी गर्नु पर्ने र सबै प्रकृयामा बालालिका लगायतका अन्तर सम्बन्धित विषयलाई समावेश गर्नुपर्ने व्यवस्था समेत यस ऐनले गरेको छ।

२.२.२ स्थानीय सरकार संचालन ऐन २०७४

बालबालिकाको हक सम्बन्धी संवैधानिक व्यवस्था अनुसार स्थानीय तहलाई जिम्मेवार बनाउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा विभिन्न प्रावधानहरु रहेका छन्। यस ऐनले बाल अधिकार प्रवर्द्धन गर्न ऐनको दफा ११(ज) बमोजिम प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा र अनौपचारिक शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन गर्ने जिम्मेवारी सम्बन्धित गाउँ/नगरपालिकाको रहेको छ। शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार, आधारभूत तहको परीक्षा व्यवस्थापन, स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन, माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने कार्य समेत

गाउँ/नगरपालिकाको कार्यक्षेत्र भित्र पर्दछ। यसैगरी सोही दफाको खण्ड (झ) बमोजिम आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन, आधारभुत स्वास्थ्य सेवाको सञ्चालन र प्रवद्र्धन, स्वस्थ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदुषण नियन्त्रण, सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहरमैलाको व्यवस्थापन समेत स्थानीय तहको अधिकार क्षेत्रमा रहेको छ।

ऐनको दफा १२ उपदफा २ खण्ड (१) को ग ले बालमैत्री स्थानीय शासन प्रवद्र्धन गरी बालमैत्री वडा घोषणा गर्ने जिम्मेवारी गाउँ/नगरपालिकाको वडालाई दिएको छ। बालउद्यानको व्यवस्था, प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन, पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र व्यवस्थापन, बालक्लब तथा बालसञ्जालको संचालन र व्यवस्थापन, वडाततहको स्वास्थ्य केन्द्र तथा उपकेन्द्रको व्यवस्थापन, बालबालिकाहरुलाईै बि.सि.जि, पोलियो, भिटामिन ए को व्यवस्था, पोषण कार्यक्रमको सञ्चालन, अन्तर विद्यालय तथा बालक्लब मार्फत खेलकुद कार्यक्रमको सञ्चालन, प्रचलित कानून बमोजिम घटना दर्ता सम्बन्धी जनचेतना कार्यहरु समेत वडाको जिम्मेवारीमा रहेका छन्। यस्तै महिला विरुद्धको हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन, निरक्षरता जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने, सडक बालाबलिकाको उद्धार र पुर्नस्थापना गर्ने गराउने, प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिसामुक्त क्षेत्र, वातावरणमैत्री तथा बालमैत्री शासन जस्ता प्रवर्धनात्मक कार्यहरु गर्ने, गराउने जिम्मेवारी समेत वडाको हुने प्रावधान रहेको छ।

२.२.३ बालबालिका सम्बन्धि ऐन २०७५

प्रत्येक बालक जन्मे पछि निजको बाबु भए बाबुले बाबु नभए आमाले र आमा पनि नभए परिवारका अन्य सदस्यले आफ्नो धर्म, संस्कृती र चलन अनुसार बालकको नाम राखिदिनु पर्दछ। बालकको बाबु, आमा वा परिवारको अन्य कुनै सदस्य जीवित नरहेकोमा वा पत्ता नलागेमा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले बालकको नाम राखि दिनु पर्ने व्यवस्था ऐनमा उल्लेख छ। साथै बाबु, आमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार प्रत्येक बालकको पालनपोषण गर्नुका अतिरिक्त नीजको शिक्षा, स्वास्थ्य उपचार, खेलकुद तथा मनोरन्जनको सुविधाहरूको व्यवस्था गर्नु पर्दछ भनि ऐनमा उल्लेख छ।

२.२.४ दिगो विकास लक्ष्य

संयुक्त राष्ट्रसंघको पहलमा सन् २०३० सम्म प्राप्त गर्ने गरी तयार गरिएको विश्वव्यापी लक्ष्यहरु नै दिगो विकास लक्ष्यहरु हुन् जसमा १७ वटा मूल लक्ष्य तथा १६९ परिमाणत्मक लक्ष्यहरु तोकिएका छन्। पाँचौ लक्ष्यको लैङ्गिक समानता अन्तर्गत "सबै प्रकारका हानिकारक अभ्यासहरु जस्तै कलिलो उमेरमा गरिने र जबरजस्ति गरिने विवाह र महिलाको योनि छेदन को उन्मूलन" मा बाल विवाहलाई २४.५ प्रतिशत बाट घटाएर ४.१ मा झार्ने लक्ष्य समावेश गरिएको छ।

दिगो विकासका कूल १७ लक्ष्यहरु मध्ये १, २, ३, ४, ५, ६, ९, ११, १६ र १७ गरी १० वटा लक्ष्यहरु बालबालिका र महिला संग सम्बन्धित रहेका छन्। जसमध्ये महत्वपूर्ण लक्ष्यहरुमा लक्ष्य ४: सबैका लागि समावेशी र गुणस्तीय शिक्षा सुनिश्चित गर्ने, लक्ष्य ५: लैङ्गिक समानता हासिल गर्ने र

किशोरीहरुको सशक्तीकरण गर्ने र लक्ष्य ६: सबैका लागि खानेपानी तथा सरसफाइको उपलब्धता गर्ने विषयहरु रहेका छन्। सन् २०३० सम्ममा न्यायपूर्ण तथा समृद्ध मुलुक बनाउने परिकल्पना साथ नेपालको दिगो विकास लक्ष्यहरु तयार भई स्वीकृत भइसकेको छ।

२.२.५ बाल अधिकार सम्बन्धि महासन्धि १९८९

बाल आधिकार महासन्धी १९८९ (नेपालले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको) ले बाल अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्न गैर विभेदिकरण (धारा २), सर्वोत्तम हित (धारा ३), सर्वाङ्गिन विकास (धारा ६), सहभागिता (धारा १२) को सिद्धान्तलाई प्रतिपादन गरेको छ। यिनै सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता ४ क्षेत्रहरुमा केन्द्रित हुँदै बाल अधिकारलाई सम्बोधन गर्ने गरी बालमैत्री स्थानीय शासन प्रणालीको प्रवर्द्धन गर्न बालबालिकालाई शासन व्यवस्थाको प्रतिफल दिलाउन आवश्यक छ।

२.२.६ बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८

बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ तत्कालिन समयमा स्थानीय निकायलाई बालमैत्री स्थानीय शासनको अवधारणा लागू गर्न दिशा निर्देश गर्ने उद्देश्यले ल्याईएको थियो। यस कार्यविधिले बालमैत्री स्थानीय शासनको प्रवर्द्धनकोलागि संस्थागत संरचनाको व्यवस्था, कार्य जिम्मेवारी, अनुगमन मूल्याङ्कन सम्बन्धि व्यवस्था, कोषको व्यवस्थाका साथै बालमैत्री गाउँ विकास समिति तथा बालमैत्री नगरपालिका घोषणाकालागि पुरा गर्नु पर्ने ३६ वटा सूचकहरुको व्यवस्था गरेको थियो।

२.२.७ बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८

बालमैत्री स्थानीय शासन बाल अधिकारका सवाललाई स्थानीय शासन पद्धतिमा मूलप्रवाहीकरण गरी बाल अधिकारका सम्बन्धमा नेपाल सरकारले गरेका प्रतिबद्धताहरूलाई व्यवहारमा ल्याउने प्रणाली हो। नेपाल सरकारले बि. स. २०६८ सालमा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि लागू गरी यस अवधारणालाई ठोस स्वरुप प्रदान गरिसकेको छ। त्यस्तैगरी बि. स. २०७८ मा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका जारी गरिसकेको छ। यस निर्देशिकाले बालबालिकाको अर्थपूर्ण सहभागिताको आधारमा उचित नीति, योजना, कार्यक्रम र बजेटको व्यवस्था साथसाथै बाल केन्द्रित लगानी तथा विकास योजनाको कार्यन्वयन गरी बालमैत्री घोषणाको परिकल्पना गरेको छ र घोषणा गर्न निश्चित प्रक्रिया समेत तोकेको छ।

२.२.८ बाल विवाह अन्त्यकालागि राष्ट्रिय रणनीति २०७२

नेपाल सरकारले बाल विवाह अन्त्यकालागि राष्ट्रिय नीति २०६९ र राष्ट्रिय रणनीति २०७२ जारी गरिसकेको छ। सारमा उक्त नीति र रणनीतिले बाल विवाहलाई बालबालिकाको हकअधिकारको प्रचलनकालागि बाधकको रुपमा पहिचान गरेको छ। त्यसकारण बाल विवाह रोक्नकोलागि सरकार र साझेदार संघसंस्थाहरुको सहकार्यमा स्थानीय समुदाय स्तरका संघसंस्थाहरुलाई परिचालन गर्ने, बाल विवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कार्वाही गर्ने व्यवस्थाका साथै बाल विवाह रोक्ने कार्यकालागि स्थानीय तहलाई थप जिम्मेवारी दिईने कुरा उल्लेख गरिएको छ। यसैगरी स्थानीय स्तर सम्म बालबालिकाको बेचविखन, ओसारपसार र बाल विवाह विरुद्ध चेतना जागरण कार्यक्रम सञ्चालन

र गाँउस्तरमा बाल संरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न संचार लगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिने कुरा उल्लेख छ।

२.२.९ पन्ध्रौं योजना (२०७६/७७–२०८१/८२)

पन्ध्रौं योजना (२०७६/७७–२०८१/८२) मा बालअधिकार सुनिश्चित भएको बालमैत्री समाजको सोचमा आधारित रही बालबालिका तथा किशोर किशोरीलाई सबै प्रकारको हिँसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरुको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागकिकको रुपमा विकास गर्ने लक्ष्य राखिएको छ। उक्त लक्ष्य प्राप्त गर्न बालबालिका तथा किशोर किशोरीको अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने, बालबालिका तथा किशोर किशोरीमैत्री वातावरण सृजना गर्ने, बालबालिका तथा किशोर किशोरीविरुद्ध हुने शारीरिक मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्ने उद्धेश्य राखिएको छ।

बाल स्वास्थ्यमा सुधार गरी बाल मृत्युदर घटाउने, बालबालिकाको मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भिक बालविकासमा पहुँच, बालबालिका तथा किशोर किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरी उनीहरुको जीवनलाई सुरक्षित बनाउने, असहाय, अनाथ, अपाङ्गता भएका, अशक्त तथा बेवारिसे बालबालिका तथा किशोर किशोरलाई राज्यबाट संरक्षण र संवर्द्धन गर्ने, विभिन्न माध्यमबाट बालबालिकालाई सामाजिक जीवनमा सहभागी हुने वातावरण सृजना गर्ने, राज्यले सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने, बालबालिकाको पहुँचयुक्त पूर्वाधारको निर्माण गरी बालमैत्री वातावरण सृजना गर्ने र विद्यमान बालगृहको संस्थागत आवसीय संरक्षणलाई निरुत्साहित तथा निसंस्थाकरण गर्दै अन्तिम विकल्पको रुपमा मात्र संरक्षण गर्ने गरी अन्य बैकल्पिक हेरचाहलाई प्रवर्द्धन गर्ने रणनीति पन्ध्रौं योजनामा उल्लेख गरिएको छ।

२.३ बालमैत्री स्थानीय शासनको पृष्ठभूमि

२.३.१ बालमैत्री

बालबालिकालाई मित्रवत वा मैत्रिपूर्ण व्यवहार गर्नु नै बालमैत्री हो। अर्थात बालबालिकालाई मन पर्ने, उनीहरुलाई सहज, रमाईला र सुरक्षित लाग्ने तथा बाल अधिकार हनन् नहुने व्यवहार वा वातावरण भन्ने बुझिन्छ जस्तै विद्यालयमा बालबालिका अनुकूल वातावरण हुनु, शिक्षकले बालबालिकालाई साथी जस्तै व्यवहार गर्नु, घरमा अभिभावकले आफ्ना बालबालिकालाई अशल व्यवहार गर्नु आदि। त्यस्तै बालबालिकाको लिङ्ग, जाति, भाषा र धर्म आदिको आधारमा भेदभाव नगर्नु र बालबालिकासंग सम्बन्धित विषयमा बालबालिकाको विचारहरु सुन्नु र कदर गर्ने वातावरणलाई बालमैत्रि भनिन्छ।

२.३.२ बालमैत्री स्थानीय शासन

बालमैत्री स्थानीय शासन बाल अधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरी नेपालको संविधान बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो। नेपालको संविधानमा भएको बाल अधिकार सम्बन्धी व्यवस्था, स्थानीय सरकार संचालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९, नेपालको पन्ध्रौ योजना (२०७६/७७—२०८०/०८१) लगायत अन्य कानून, नीति तथा कार्यक्रमहरुले समेत बाल अधिकारको समग्र पक्षलाई सम्वोधन गरेको छ। स्थानीय सरकारको रुपमा

रहेका नगरपालिका र गाउँपालिका जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायको रुपमा स्थापित भैसकेका छन्। यस सन्दर्भमा बालअधिकारको विषयलाई स्थानीय तहको समग्र कार्य पद्धति र प्रणालीमा अन्तरनिहित गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिन्छ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेखित भए अनुसार बालमैत्री स्थानीय शासन भन्नाले गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गिण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बालसहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना र कार्य प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनु पर्दछ।

कुनै पनि स्थानीय तहले बालबालिकाको आधारभूत अधिकार बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागितालाई स्थानीय तहको नीति, संरचना र प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने गरी शासकीय पद्धतिको विकास गर्छ र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका र कार्यान्वयन कार्यविधिहरुमा उल्लेखित सूचक तथा मापदण्ड पूरा गर्नकालागि प्रतिवद्धताका साथ कार्य गर्दछ भने उक्त स्थानीय तह बालमैत्री स्थानीय शासन उन्मुख भएको सम्झनु पर्दछ। निर्देशिका र कार्यविधिहरुमा तोके बमोजिमको बालमैत्री स्थानीय शासनको सूचकहरुमा नतिजा प्राप्त गर्ने स्थानीय तहलाई बालमैत्री स्थानीय तहको रुपमा लिन सकिन्छ।

२.४ बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेखित बाल बचाउका १४, बाल संरक्षणका १०, बाल विकासका ६, बाल सहभागिताका ६ गरी ३६ सेवा प्रवाह सम्बन्धी सूचकहरु र १५ वटा संस्थागत सूचकहरु गरी जम्मा ५१ वटा सूचकहरुले तोके बमोजिम न्यूनतम उपलब्धी हाँसिल गर्ने कार्यभार बालमैत्री स्थानीय शासन गाँउ र वडा समिति, गाँउपालिका र सरोकारवालहरुको हो।

२.४.१ बाल बचाउ

बालबालिकालाई पोषणयुक्त खाना, आवास, लत्ता कपडा, औंषधी, तोकिएको खोपहरु, स्तनपान गर्न पाउने अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, राष्ट्रियताको अधिकार, भेदभाव विरुद्धको अधिकार, हेरचाह र पालनपोषणको अधिकार र स्वास्थ्यको अधिकार तथा आराम गर्न पाउने अधिकार, खेदकुद, मनोरञ्जन एवम् सांस्कृतिक अधिकार बालबालिकाको बांच्न पाउने अधिकार अन्तर्गत पर्दछन्।

२.४.२ बाल संरक्षण

बाल संरक्षण अन्तर्गत बालबालिकाको नाम र जन्म दर्ता, आफू विरुद्ध हुने सबै प्रकारको हिँसा, दुर्व्यवहार, बेचविखन, ओसारपासर, शोषण र बेवास्ताबाट संरक्षण प्राप्त गर्ने अधिकार, अपाङ्गता भएका, द्वन्द्व पीडित, विस्तापित एवम् जोखिममा परेका र सडक बालबालिकालाई सुनिश्चित भविश्यकोलागि स्थानीय तहबाट गरिने विशेष संरक्षण, बालबालिकालाई नीजको बाबु आमा, संरक्षक, शिक्षक वा जोसुकैबाट हुने शारीरिक तथा मानसिक यातना र अमानवीय व्यवहार विरुद्ध संरक्षण जस्ता विषयहरु पर्दछन्।

२.४.३ बाल विकास

बाल विकास अन्तर्गत बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक विकास सहितको व्यक्तित्व विकासकालागि शिक्षा, संरक्षकत्व प्राप्त गर्ने जस्ता अधिकारलाई सम्झनु पर्दछ। बालबालिकासंग सम्बन्धित विषयगत क्षेत्रहरु जस्तै सार्वजनिक, भौतिक सुविधाहरु, भवन, विद्यालय, अस्पताल, उद्यान, मनोरञ्जन स्थल, सडकपेटी र जेब्राक्रसिङ आदिको उपयोगमा बालबालिकाको अधिकार सुरक्षित रहने विषयहरु पनि बाल विकासका अधिकार भित्र पर्दछन्। स्थानीय आवश्यकता र सम्भावनाको आधारमा बाल प्रतिभा उजागर हुन् गरी संचालन गरिने विभिन्न अतिरिक्त क्रियाकलापहरु बाल विकासका क्षेत्रभित्र पर्दछन्।

२.४.४ बाल सहभागिता

बालबालिकाको सरोकारको विषय र उनीहरुको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने नीतिहरुको निर्माण तथा निर्णय प्रकृयामा बालबालिकाको विचार सुनवाई गर्ने र उनीहरुको विचारको कदर गर्ने, सामाजिक र सांस्कृतिक क्रियाकलाप तथा जीवनको हरेक पक्षमा विना रोकतोक र विना भेदभाव सहभागी हुन पाउने, आस्था अनुसारको धर्ममा संलग्न हुन पाउने, कुनै पनि विषयमा जानकारी राख्न र अभिव्यक्त गर्न पाउने, रचनात्मक कार्य गर्न तथा संघसंस्था खोल्न वा सहभागी हुन पाउने लगायतका अधिकारहरु बाल सहभागिताका अधिकारहरु हुन। बालबालिकाले आफूलाई विभिन्न स्थानमा सहभागि गराउंदै सिक्ने, अनुभव गर्ने र अनुभूति गर्दै यसलाई व्यवहारिक तरिकाबाट आत्मसाथ गर्दै आफूलाई परिपक्क र सक्षम बनाउदै लैजानु बाल सहभागिता हो।

२.५ बाल समूह सम्बन्धि विवरण

यस वडामा रहेका बालबालिकाहरुको बाल समुहमा सहभागिता सम्बन्धि विवरण तपशिल अनुसारको रहेको छः

क्र.स.	बाल समूहको प्रकार	सहभागि बालबालिका		
		बालिका	बालक	जम्मा
१	विद्यालयमा आधारित बालसमूह	७६	४९	१२५
२	समुदायमा आधारित बालसमूह	२६३	१८७	४५०
	जम्मा:	**३३९**	**१३६**	**५७५**

(श्रोतः हेटौडा उपमहानगरपालिका, महिला, बालबालिका तथा समावेशीकरण महाशाखा)

२.६ वडा तहको शासकिय संरचनामा बाल सहभागिता

यस वडाको शासकिय संरचनामा बाल सहभागिता विवरण तपशिल अनुसार रहेको छः

क्र.स.	शासकीय संरचनामा	बालक	बालिका	जम्मा संख्या
१	बालमैत्री स्थानीय शासन वडा समिति	१	१	२
२	वडा बालअधिकार समिति	१	१	२

३	विद्यालय व्यवस्थापन समितिहरु (५ विद्यालयमा)	५	५	१०
४	स्वास्थ्य व्यवस्थापन समिति	१	१	२
५	बालसमूह १८ वटामा	१३६	३३९	५७५
६	वडा बाल समूह संजाल	११	१४	२५

(श्रोतः हेटौडा उपमहानगरपालिका, महिला, बालबालिका तथा समावेशीकरण महाशाखा)

२.७ बाल भेला र बालबालिकाकोलागि बजेट विनियोजनको विवरण

यस वडाको बालमैत्री स्थानीय शासन वडा समितिको विवरण तपशिल अनुसार रहेको छः

क्र.स.	नाम थर	पद	प्रतिनिधित्व गरेको निकाय	कैफियत
१	श्रि ज्ञान बहादुर श्रेष्ठ	अध्यक्ष	का.वा. वडा अध्यक्ष	९८४५५३७९२६
२	श्रि रूकमिणी गोङ्गबा	सदस्य	कार्यपालिका सदस्य	९८६१३७७१९५
३	श्रि गिता परीयार	सदस्य	वडा सदस्य	९८०६८१३४४३
४	श्रि महेश भट्टराई	सदस्य	वडा सदस्य	९८५५०३०९२७
५	श्रि सोम माया बलामी	सदस्य	स्वास्थ्य चौकि प्रमुख	९८४५०७१०९३
६	श्रि राजेश नगरकोटि	सदस्य	टोल विकास संयोजक	९८५५०३०७३०
७	श्रि सुनमाया दोङ्ग	सदस्य	महिला जागरण	९८६६३६१८५५
८	श्रि किसन थापा	सदस्य	बुद्ध. मा.वि. प्र.अ	९८६५०४८९३३
९	श्रि सूर्य बहादुर बल	सदस्य	वि.व्य.स	९८५५०५८२३८
१०	श्रि राम कुमार श्रेष्ठ	सदस्य	सन् राईज बोडिङ्ग प्र.अ	९८५५०६८२७३
११	श्रि सोना माया स्याङ्गतान	सदस्य	महिला स्वास्थ्य स्वयम सेविका	९८६९७३०५१०
१२	श्रि साईमन लामा	सदस्य	व.बा. स बालक	९८६५३४६१११
१३	श्रि सलिना घलान	सदस्य	व.बा.स बालिका	९८२२२४९५२६
१४	श्रि राम लाल थिङ्ग	सदस्य सचिब	१२ नं वडा सचिव	९८५५०९८५७७

(श्रोतः हेटौडा उपमहानगरपालिका, महिला, बालबालिका तथा समावेशीकरण महाशाखा)

२.८ बाल भेला र बालबालिकाकोलागि बजेट विनियोजनको विवरण

बालमैत्री स्थानीय शासनको सूचकहरुमा बालभेला र बजेट विनियोजनको सूचक पनि समावेश रहेको छ जस अनुसार स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाँउ/नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेको विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ भन्ने रहेको छ जस्को कार्यान्वयन सत प्रतिशत हुनु पर्दछ।

यसै सन्दर्भमा यस हेटौँडा उपमहानगरपालिकाले अर्थपूर्ण बाल सहभागिता सुनिश्चित गर्नकोलागि आर्थिक बर्ष २०८०/०८१ को योजना तर्जुमाको चरणमा नगर स्तरको बाल भेलाको आयोजना गरेको छ।

खण्ड ३ वडाको जनसंख्या

३.१ बालबालिका उपश्थित घरपरिवार र घरमुली संख्या

हेटौँडा उपमहानगरपालिकाको वडा नम्बर १२ मा रहेको जम्मा २,२३६ घरपरिवारमा मात्र बालबालिकाको उपश्थिति रहेको पाईयो। उक्त घरपरिवार मध्ये ८६१ महिला घरमुली र १,३७५ पुरुष घरमुली रहेको पाईयो। लिङ्गको आधारमा घरमुली प्रतिशत निम्नानुसार रहेको छः



(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडामा महिला घरमुली ३९ प्रतिशत र पुरुष घरमुली ६१ प्रतिशत रहेको छ।

३.२ लिङ्ग, उमेर समूह तथा जातिगत आधारमा जनसंख्या

यस वडाको कूल १०,८८७ जनसंख्या मध्ये ५,४०० महिला र ५,४८७ पुरुष रहेको छन्| उक्त जनसंख्यालाई प्रतिशतमा तलको तालिकामा प्रस्तुत गरिएको छः



(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

महिलाको (४९.६%) तुलनामा पुरुषको (५०.४%) जनसंख्या बढि रहेको छ। उमेर समूहको आधारमा ३१-४० उमेर समूहको सबैभन्दा बढि जनसंख्या (१,९२६) रहेको छ भने दोस्रोमा १९-२५ उमेर समूह रहेको छ (१,५८६)। उमेर समूह अनुसार यस वडाको जनसंख्या विवरण (संख्या र प्रतिशत) निम्न अनुसार रहेको छः

क्र.सं.	उमेर समूह	महिला (%)	पुरुष (%)	महिला जनसंख्या	पुरुष जनसंख्या	जम्मा संख्या
१	जन्मे देखि १ वर्ष सम्म	१.०६%	१.०४%	११५	११३	२२८
२	१ देखि २ वर्ष	०.६१%	०.८३%	६६	९०	१५६
३	३ देखि ५ वर्ष	२.०२%	२.२६%	२२०	२४६	४६६
४	६ देखि १० वर्ष	३.७३%	३.९९%	४०६	४३४	८४०
५	११ देखि १८ वर्ष	६.३७%	६.३८%	६९३	६९५	१३८८
६	१९ देखि २५ वर्ष	७.३८%	७.१८%	८०४	७८२	१५८६
७	२६ देखि ३० वर्ष	५.८४%	५.७३%	६३६	६२४	१२६०
८	३१ देखि ४० वर्ष	८.३७%	९.३२%	९११	१०१५	१९२६
९	४१ देखि ५० वर्ष	५.३६%	५.५१%	५८३	६००	११८३
१०	५१ देखि ६० वर्ष	४.१२%	३.९७%	४४९	४३२	८८१
११	६१ देखि ७० वर्ष	२.८७%	२.५४%	३१२	२७६	५८८
१२	७१ देखि ८० वर्ष	१.३२%	१.१६%	१४४	१२६	२७०
१३	८१ देखि ९० वर्ष	०.४३%	०.४३%	४७	४७	९४
१४	९१ देखि १०० वर्ष	०.१२%	०.०७%	१३	८	२१
१५	१०० वर्ष भन्दा माथिका	०.००%	०.००%	०	०	०
जम्मा :		**४९.५९%**	**५०.४१%**	**५३९९**	**५४८८**	**१०८८७**

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडामा ९१ देखी १०० वर्ष सम्मका १३ महिला सहित २१ जना रहेको छ अर्थात यो समूह सबैभन्दा कम जनसंख्या भएको उमेर समूह हो। यस वडामा लैंङ्गिक तथा अल्पसंख्यकको उपश्थिति भएको पाईएन्।

घरपरिवारको जातिगत विवरण हेर्दा यस वडामा सबैभन्दा धैरै जनसंख्या १,७०७ जनजाति परिवारको रहेको छ भने दोस्रोमा ब्राहमण/क्षेत्री जातिको ४०९ परिवार रहेको छ। त्यस्तैगरी यस वडामा १२० दलित घरपरिवारको बसोवार रहेको छ। जातिगत परिवार विवरणको प्रतिशत तलको तालिकामा उल्लेख गरिएको छः



(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडामा मधेसी जातिको बसोवास भएको पाईएन।

३.२ बालबालिकाको जनसंख्या

यस वडाको कूल बालबालिकाको संख्या ३,०७८ मध्ये १,५०० बालिका र १,५७८ बालक रहेको छन्। उक्त जनसंख्यालाई प्रतिशतमा तलको तालिकामा प्रस्तुत गरिएको छः

क्र.सं.	उमेर समूह	बालिका (%)	बालक (%)
१	जन्मे देखि १ वर्ष सम्म	१.०६%	१.०४%
२	१ देखि २ वर्ष	०.६१%	०.८३%
३	३ देखि ५ वर्ष	२.०२%	२.२६%
४	६ देखि १० वर्ष	३.७३%	३.९९%
५	११ देखि १८ वर्ष	६.३७%	६.३८%
	जम्मा :	**१३.७८%**	**१४.४९%**

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडामा ११ देखी १८ वर्ष उमेर समूहमा बालबालिका अन्य समूह भन्दा धैरै छन् र यस उमेर समूहमा बालिका र बालकको संख्या लगभग बरावरी रहेको छ।

३.३ भाषाका आधारमा जनसंख्या

भाषाको आधारमा हेर्दा यस वडामा सबैभन्दा धैरै जनसंख्या तमाङ १३८८ (६२.१%) भाषा बोल्दछन् भने नेपाली ८४८ (३७.९%) जनाले बोल्दछन्। भाषाको आधारमा जनसंख्या र प्रतिशत तलको तालिकामा उल्लेख गरिएको छः

SN	भाषाहरु	भाषा प्रतिशत	भाषा संख्या
1	नेपाली	३७.९%	८४८
2	तामांग	६२.१%	१३८८
3	चेपांग	०.०%	०
4	गुरुङ	०.०%	०
5	मगर	०.०%	०
6	नेवारी	०.०%	०
7	भोजपुरी	०.०%	०
8	मैथली	०.०%	०
9	हिन्दी	०.०%	०
10	शेर्पा	०.०%	०
11	राई	०.०%	०
12	लिम्बु	०.०%	०
13	मुस्लिम	०.०%	०

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडामा तमाङ र नेपाली बोल्ने बाहेक अरु भाषा बोल्ने जनसंख्या भएको पाईएन्।

३.५ जन्मदर्ता सम्बन्धि विवरण

यस वडामा ४६५ (अर्थात ८९.४२%) जनाको ५ वर्ष मुनिका बालबालिकाको जन्मदर्ता गरिएको छ भने ५५ (अर्थात १०.५८%) जनाको जन्मदर्ता गरिएको छैन। बालक र बालिकाको संख्यालाई विश्लेषण गर्दा २४७ जना बालक र २१८ जना बालिकाको जन्मदर्ता गरिएको छ भने २९ जना बालक र २६ जना बालिकाको जन्मदर्ता गरिएको छैन। जन्मदर्ता सम्बन्धि थप विवरण तल तालिकामा प्रस्तुत गरिएको छः

५ वर्ष मुनिका बालबालिकाको	बालिका (%)	बालक (%)	बालिका (संख्या)	बालक (संख्या)	जम्मा (%)	जम्मा (संख्या)
जन्म दर्ता गरेको	८९.३४%	८९.४९%	२१८	२४७	४६५	८९.४२%
जन्म दर्ता नगरेको	१०.६६%	१०.५१%	२६	२९	५५	१०.५८%
जम्मा	१००%	१००%	२४४	२७६	५२०	१००%

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

उक्त तालिका अनुसार जन्म दर्ता भएका ५ वर्ष मुनिका बालबालिकाहरुको प्रतिशत हेर्दा बालिकाको तुलनामा बालकको जन्मदर्ता धैरै भएको देखिन्छ।

३.६ बाल विवाहको अवस्था

३.६.१ विवाह सम्बन्धि विवरण

यस वडामा विगत ३ वर्ष भित्र विवाह भएको परिवार संख्या १८ रहेको थियो जस्मा महिलाको विवाह भएको परिवार ४ र पुरुषको भएको परिवार १४ भएको छ। विवाह सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

क्र.सं.	परिवारमा विवाह भएको लिङ्ग	प्रतिशत	संख्या
१	महिला	२२%	४
२	पुरुष	७८%	१४
३	लैंगिग अल्पसंख्यक	०%	०
	जम्मा परिवार:	१००%	१८

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

३.६.२ उमेरगत विवाह सम्बन्धि विवरण

१८ परिवारको विवाहलाई विश्लेषण गर्दा ४ महिला र १४ पुरुषको विवाह भएको छ। ती सबैको विवाह गर्दाको उमेरलाई विश्लेषण गर्दा २१-२५ वर्ष उमेर समूहका ९ जना (३ महिला र ६ पुरुष) को विवाह भएको छ जुन सबैभन्दा धैरै विवाह भएको उमेर समूह हो। १६-१८ वर्ष उमेर समूहका १ जना पुरुषको मात्र विवाह भएको छ जुन सबैभन्दा थोरै विवाह भएको उमेर समूह हो। विवाह सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

क्र.सं.	लिङ्ग	बिगत ३ वर्ष भित्र यस परिवारमा बिवाहितको उमेर					जम्मा
		१६ देखि १८ वर्ष	१९ देखि २० वर्ष	२१ देखि २५ वर्ष	२६ देखि ३० वर्ष	३१ देखि ३५ वर्ष	
१	महिला	०	१	३	०	०	४
२	पुरुष	१	२	६	२	३	१४
	जम्मा	**१**	**३**	**९**	**२**	**३**	**१८**

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

३.६.३ बाल विवाह सम्बन्धि विवरण

बिगत ३ वर्ष भित्रको विवाहलाई अध्ययन गर्दा २० वर्ष भन्दा मुनिका विवाहको संख्या ४ जना छन् जस्मा १ महिला र ३ पुरुष छन्। १६-१८ वर्ष उमेर समूह र १९-२० वर्ष उमेर समूहका क्रमशः १ र ३ जनाको उमेर नपुगि विवाह भएको देखिन्छ। अर्थात यस वडामा विगत ३ वर्षमा उमेर नपुगी र बाल विवाह भएको देखिन्छ।

३.७ प्रति परिवार औषत बालबालिका संख्या

यस वडामा १८ वर्ष मुनिका बालबालिकाको जनसंख्या ३०७८ रहेको छ। वडाको कूल जनसंख्याको २८.२७ प्रतिशत बालबालिका छन्। बालबालिकाको जनसंख्यामा बालिका १५०० (१३.७८%) र बालक १५७८ (१४.४९%) रहेका छन्। अर्थात बालिकाको तुलनामा बालकको संख्या बढि रहेको छ।

यस वडाको प्रति परिवार औषत बालबालिका संख्या १.३८ रहेको छ।

३.९ अपाङ्गता भएका बालबालिका सम्बन्धि विवरण

यस वडामा जम्मा ३ जना अपाङ्गता भएका बालबालिका रहेका छन् जस्मा १ जना बालिका र २ जना बालक छन्। उनीहरुमा बहु-अपाङ्गता भेटिएको छ।

खण्ड ४ वडाको बाल तथा मातृ स्वास्थ्य

४.१ सुरक्षित मातृत्व कार्यक्रम

बिगत २ वर्षमा जीवित जन्मेका शिशुहरुको संख्या ४४ बालक र ४६ बालिका गरी जम्मा ९० जना रहेका छन्। जीवित जन्म भएका शिशुहरुले पोषण प्राप्त गरेको अवस्थालाई विश्लेषण गर्दा १३ शिशुहरुलाई जन्मिने वित्तिकै बिगौती दुध खुवाएको पाईयो भने ५ शिशुहरुलाई जन्मिने वित्तिकै बिगौती दुध नखुवाईएको पाईयो। त्यस्तैगरी ७३ जना शिशुहरुलाई जन्मेको १ घण्टा पछी मात्र बिगौती दुध खुवाएको पाईयो। वडामा मातृशिशु सम्बन्धि कार्यक्रम निरन्तर संचालनमा रहेको छ।

४.२ खोप लगाउने बालबालिका सम्बन्धी विवरण

यस वडामा बालबालिका भएको जम्मा घरपरिवार २,२३६ रहेकोमा बाल रोग तथा खोपको बारेमा जानकारी भएको घरपरिवार १,७४० रहेका छन् अर्थात जम्मा घरपरिवारको ७७.८२ प्रतिशत घरपरिवारलाई मात्र बाल रोग तथा खोपको बारेमा जानकारी भएको पाईयो भने ४९६ घरपरिवारलाई उक्त जानकारी नभएको पाईयो। सो बारेमा थप जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छः



(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

एक वर्ष मुनिका बालबालिकाको संख्या ५९ जना बालिका र ६४ बालक गरी जम्मा १२३ जना छन्। खोप लगाउने समयावधि फरक फरक हुन्छन् र जन्मनासाथ लगाउने खोपहरु प्रायः लगाईएको पाईएता पनि अलि पछि लगाउनु पर्ने खोपहरु लगाउने बालबालिकाहरुको संख्या कम भएको पाईएको छ। यसको कारण बालबालिकाको उमेर हो। विभिन्न प्रकारका खोपहरु र खोप लगाएका बालबालिकाहरुको विवरण निम्नानुसार छन्:

बालक/बालिका	बि.सि.जी. (BCG)	डी.पी.टि. (DPT)/हेप. बि. हिव.-१	डी.पी.टि. (DPT)/हेप. बि. हिव.-२	डी.पी.टि. (DPT)/हेप.बि. हिव.-३	दादुरा/रुबेला
बालिका	59	57	54	50	25
बालक	63	57	55	47	20
जम्मा:	**122**	**114**	**109**	**97**	**45**
जम्मा:	**99.19%**	**92.68%**	**88.62%**	**78.86%**	**36.59%**

माथिको विवरण अनुसार बि.सि.जी. खोप लगाउने बालबालिकाहरु १२२ जना अर्थात कूल एक वर्ष मुनिका बालबालिकाको ९९.१९ प्रतिशत रहेका छन् भने डी.पी.टि. (DPT)/हेप.बि. हिव.-१ खोप लगाउने बालबालिकाहरु ११४ अर्थात ९२.६८ प्रतिशत रहेका छन्। अन्य खोप विवरण तल प्रस्तुत गरिएको छः

बालक/बालिका	हेपटाईटिस वी	पी.सी. भी.	रोटा	पोलियो	एफ.आइ. पी.भी.	दादुरा/रुबेला -२	जे.इ.
बालिका	7	7	8	9	4	5	1
बालक	4	4	4	3	4	2	1
जम्मा:	**11**	**11**	**12**	**12**	**8**	**7**	**2**
जम्मा:	**8.94%**	**8.94%**	**9.76%**	**9.76%**	**6.50%**	**5.69%**	**1.63%**

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

४.३ बालबालिकामा पोषणको स्थिति

यस वडाका ९९.३३ प्रतिशत ५ वर्ष मुनिका बालबालिकालाई पोषिलो खाना (दिनको कम्तिमा ३ पटक दुध, लिटो, भात, फलफुल र साग सब्जी) खुवाउने गरेको पाईएको छ। पोषण अन्तरगत शिशुहरुको स्तनपान र कुपोषणको अवस्थालाई तल बुंदागत रुपमा विश्लेषण गरिएको छ।

४.३.१ स्तनपात सम्बन्धी विवरण

बिगत २ वर्षमा जीवित जन्मेका शिशुहरुको संख्या ४४ बालक र ४६ बालिका गरी जम्मा ९० जना रहेका छन्। जीवित जन्म भएका शिशुहरुले पोषण प्राप्त गरेको अवस्थालाई विश्लेषण गर्दा १३ शिशुहरुलाई जन्मिने वित्तिकै बिगौती दुध खुवाएको पाईयो भने ५ शिशुहरुलाई जन्मिने वित्तिकै बिगौती दुध नखुवाईएको पाईयो। त्यस्तैगरी ७३ जना शिशुहरुलाई जन्मेको १ घण्टा पछी मात्र बिगौती दुध खुवाएको पाईयो। शिशुहरुले स्तनपान गर्न पाएको अवस्था विस्तृतमा तलको तालिकामा प्रस्तुत गरिएको छः

बिगत २ वर्षमा जीवित जन्मेका शिशुहरुको स्तनपान			
क्र. सं.	**स्तनपानको अवस्था**	**शिशुको संख्या**	**कैफियत**
१	जन्मेको १ घण्टा पछी बिगौती दुध खुवाएको	७३	
२	जन्मिने बित्तिकै बिगौती दुध खुवाएको	१३	
३	जन्मिने बित्तिकै बिगौती दुध नखुवाएको	५	
४	६ महिना सम्म आमाको दुध मात्रै खुवाएको	६३	
५	६ महिना सम्म आमाको दुध र अन्य खानेकुरा पनि खुवाएको	१	
६	२ महिना वा सो भन्दा कम मात्र आमाको दुध खुवाएको	१०	

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथि प्रस्तुत तालिका अनुसार ६ महिना सम्म आमाको दुध मात्रै खुवाईएका शिशु ६३ जना (७०.०० प्रतिशत) रहेको पाईयो भने २ महिना वा सो भन्दा कम मात्र आमाको दुध खुवाएको शिशु १० जना (११.११ प्रतिशत) भएको पाईयो।

४.३.२ कुपोषणबाट प्रभावित बालबालिका सम्बन्धी विवरण

५ वर्ष मुनिका जम्मा बालबालिकाका संख्या	कम तौल, पुड्को र ख्याउटेपन हुने पाँच वर्ष मुनिका बालबालिकाको संख्या	अति कडा कुपोषण भएको बालबालिकाका संख्या	पोषण सुधारका लागि आवश्यक उपचार गराइरहेका बालबालिका संख्या
८५०	०	०	०

(श्रोतः हेटौंडा उपमहानगरपालिका, स्वास्थ्य महाशाखा)

कुपोषणबाट प्रभावित बालबालिका भएको पाईएन।

४.४ बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरु

खानेपानीको कारणले विगत १ वर्षमा रोग लागेका घरपरिवारको संख्या जम्मा ८ रहेको पाईयो जस्मा ४ जिआरडिया, २ जनालाई हैजा/झाडावान्ता र २ जनालाई जन्डिसको संक्रमण भएको पाईयो। बालबालिका यी रोगहरुको जोखिममा रहेका छन्। यस वडामा देखा पर्ने गरेको मुख्य रोगहरुमा पानीजन्य रोगहरु बढि देखिने गरेको पाईयो। बालबालिकाहरुलाई ज्वरो, श्वासप्रश्वास सम्बन्धि रोग, छालाको रोग र आँखाको समस्या जस्ता सामान्य रोग तथा समस्याहरु देखा पर्ने गरेको पाईयो।

दीर्घ रोग अर्थात एचआईभी/एड्स, क्यान्सर, मधुमेय/चिनीरोग, मुटु रोग, मृगौला तथा दम लगायत फोक्सोको संक्रमण सम्बन्धि दीर्घ रोगबारे विश्लेषण गर्दा बालबालिका भएका कुनै पनि परिवारका बालबालिकामा दिर्घ रोग लागेको पाईएन।

४.५ मुख्य उपचार केन्द्र, लाग्ने समय र सामर्थ्य

यस वडाका घरपरिवारहरुको प्राथमिकताको आधारमा उपचार गराउने केन्द्रहरुमा स्थानीय स्वास्थ्य संस्था/चौंकी पहिलो स्थानमा रहेको छ। दोस्रोमा अस्पताल (नीजि वा सरकारी) र लामा/धामी/झाँक्रीमा पनि विश्वास गर्ने घरपरिवार भएको पाईएको छ। उपचारका केन्द्र र उपचार गराउने घरपरिवारको विवरण तल प्रस्तुत गरिएको छः

मुख्य उपचार केन्द्रहरु र उपचार गर्न जाने घरपरिवारको विवरण				
क्र. सं.	मुख्य उपचार केन्द्र	उपचार केन्द्र जाने घरधुरी (प्रतिशतमा)	उपचार केन्द्र जाने घरधुरी संख्या	कैफियत
१	लामा/धामी/झाँक्री	३.५८%	८०	
२	परम्परागत वैद्य	०.००%	०	
३	स्थानीय स्वास्थ्य संस्था/चौकी	७०.५३%	१५७७	
४	अस्पताल(निजी/सरकारी)	२४.४२%	५४६	
५	क्लिनिक(निजी)	०.१३%	३	
६	अन्य	१.३४%	३०	
जम्मा :		१००.००%	२२३६	

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथिको तालिका अनुसार स्थानीय स्वास्थ्य संस्था/चौकीमा जाने घरपरिवार ७०.५३ प्रतिशत र नीजि क्लिनिकमा जाने घरपरिवार ०.१३ प्रतिशत रहेको छ।

घर देखी उपचार केन्द्र सम्मको दुरीलाई विश्लेषण गर्दा ७१.४२ प्रतिशत घरपरिवारलाई १५ देखी ३० मिनेट सम्ममा केन्द्र पुग्न सकिने रहेछ भने १ घण्टा भन्दा बढि समय लाग्ने घरपरिवारहरु ०.४९ प्रतिशत रहेका छन्। ११.२३ प्रतिशत घरपरिवारलाई १५ मिनेट भन्दा कम समय लाग्ने रहेछ। थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

घर देखि उपचार केन्द्रको दुरी				
क्र. सं.	**उपचार केन्द्र सम्मको दुरी**	**दुरी प्रतिशतमा**	**घरपरिवार संख्या**	**कैफियत**
१	१५ मिनेट भन्दा कम	११.२३%	२५१	
२	१५ देखि ३० मिनेट सम्म	७१.४२%	१५९७	
३	१ घण्टासम्म	१६.८६%	३७७	
४	१ घण्टा भन्दा बढी	०.४९%	११	
जम्मा :		१००.००%	२२३६	

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

बालबालिका विरामी हुँदा तुरुन्त उपचार गर्न सक्ने सामर्थ्यको अर्थात आर्थिक अवस्थाको विश्लेषण गर्दा ७१.७४ प्रतिशत परिवारको अवस्था राम्रो भएको र २८.२६ प्रतिशत परिवारको अवस्था राम्रो नभएको पाईएको विवरण तल उल्लेखित छ।

बालबालिका बिरामी हुँदा तुरुन्त उपचार गर्न आर्थिक अवस्था राम्रो भएको/नभएको				
क्र. सं.	**आर्थिकस्तर/अवस्था**	**प्रतिशत**	**संख्या**	**कैफियत**
१	राम्रो भएको	७१.७४%	१६०४	
२	राम्रो नभएको	२८.२६%	६३२	
जम्मा :		१००.००%	२२३६	

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

४.६ प्रसुति पूर्व ४ पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने गर्भवति महिलाहरुको विवरण

प्रसुति पूर्व र प्रसुति पश्चात गरी दुई भागमा विभाजन गर्भवती महिला, गर्भ र आमा र नवजात शिशुको स्वास्थ्य जाँचको बारेमा यहाँ विश्लेषण गरिएको छ। प्रसुति पूर्व ४ पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने गर्भवति महिलाहरुको विवरण निम्नानुसार विश्लेषण सहित उल्लेख गरिएको छ।

४.६.१ प्रसुति पूर्व गर्भवति महिलाहरुको स्वास्थ्य परिक्षण विवरण

विगत १ वर्षमा यस वडाका जम्मा ३८ घरपरिवारमा गर्भवती महिला रहेको पाईयो। ५ पटक भन्दा बढी गर्भजाँच गर्ने महिलाहरु पनि भएको पाईयो भने एक पटक मात्रै गर्भजाँच गर्ने महिलाको संख्या १

रहेको पाईयो। गर्भवति महिलाहरुको गर्भको अवस्था जाँच सम्बन्धि विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

क्र.सं.	गर्भ जांचको अवस्था	गर्भ जांचको संख्या
१	४ पटक सम्म जाँच गर्ने	३०
२	३ पटक सम्म जाँच गर्ने	४
३	२ पटक सम्म जाँच गर्ने	३
४	१ पटक मात्रै जाँच गर्ने	१
५	गर्भवती जाँच नगर्ने	०
	जम्मा:	३८

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

सबैभन्दा धेरै गर्भ जाँच गर्ने महिलाहरुले ४ पटक सम्म जाँच गर्ने गरेको पाईयो अर्थात ३० जनाले गर्भ जाँच गरेको पाईयो।

४.६.२ प्रसुति पश्चात आमा र नवजात शिशुको स्वास्थ्य परिक्षण विवरण

प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने सम्बन्धि विवरणलाई हेर्दा सत प्रतिशतले स्वास्थ्य जाँच गर्ने गरेको पाईयो। जम्मा २० जना गर्भवति महिलाहरुले मात्र शिशु जन्माएको पाईयो।

४.७ टिडी खोप सम्बन्धी विवरण

गर्भवति महिलाहरुले टिडी खोप लगाउनु पर्ने हुन्छ र यस वडाका कूल गर्भवति महिलाहरुले खोप लगाएको सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

क्र.सं.	टिडी खोपको पटक	खोप लगाउने गर्भवती महिलाको प्रतिशत	खोप लगाउने गर्भवती महिलाको संख्या
१	४ पटक सम्म लगाउने	०.०%	०
२	३ पटक सम्म लगाउने	१३.२%	५
३	२ पटक सम्म लगाउने	८६.८%	३३
४	१ पटक मात्र लगाउने	०.०%	०
५	खोप नलगाउने	०.०%	०
	जम्मा:	१००.०%	३८

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

जम्मा ३८ जना गर्भवति महिलाहरु मध्ये सबैभन्दा धेरै २ पटक (८६.८ प्रतिशत) सम्म मात्र खोप लगाएको पाईयो भने सबैभन्दा थोरै ३ पटक सम्म खोप लगाएको पाईयो। ३ पटक सम्म खोप लगाउने गर्भवतीहरुको संख्या ५ (१३.२ प्रतिशत) रहेको पाईयो भने खोप नलगाउने गर्भवतीहरुको नभएको पाईयो। नियमित रुपमा पूरा ४ पटक सम्म खोप लगाउने गर्भवतीको संख्या नभएको पाईयो।

४.८ आइरन चक्की सेवन सम्बन्धी विवरण

नियमित रुपमा २५० चक्की सम्म प्रयोग गर्ने गर्भवतीहरुको संख्या १ र ५० सम्म प्रयोग गर्ने गर्भवतीहरुको संख्या ४ रहेको पाईयो। आइरन चक्की प्रयोग नगर्ने देखी २५० चक्की सम्म प्रयोग गर्ने गर्भवतीहरुको विस्तृत विवरण प्रतिशतमा तलको तालिकामा प्रस्तुत गरिएको छः

क्र.सं.	आइरन चक्की विवरण	आइरन चक्की प्रयोग गर्ने गर्भवति महिलाको	
		प्रतिशत	संख्या
१	२५० चक्की सम्म प्रयोग गर्ने	७३.७%	२८
२	२०० चक्की सम्म प्रयोग गर्ने	२.६३%	१
३	१५० चक्की सम्म प्रयोग गर्ने	०.००%	०
४	१०० चक्की सम्म प्रयोग गर्ने	१३.२%	५
५	५० चक्की सम्म प्रयोग गर्ने	१०.५%	४
६	आइरन चक्की प्रयोग नगर्ने	०.००%	०
	जम्मा:	**१००.०%**	**३८**

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

नियमित रुपमा पूरा २५० चक्की सम्म प्रयोग गर्ने ७३.७ प्रतिशत गर्भवती र ५० भन्दा कम प्रयोग गर्ने १०.५ प्रतिशत गर्भवती रहेका छन्। नियमित रुपमा पूरा २२५ चक्की सम्म प्रयोग गर्ने ७३.७ प्रतिशत गर्भवती रहेका छन्।

४.९ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरुको विवरण

गत १ वर्ष भित्र गर्भवति भएका ३८ जना गर्भवतीहरुको सुत्केरी भएको अवस्थालाई हेर्दा जम्मा २० जना गर्भवतिहरुको मात्र यसै वर्ष सुत्केरी भएको पाईएको छ। सो मध्ये एक जनाको गर्भ खेर गएको छ। गर्भवति अवस्थाबारे तलको तालिकामा प्रस्तुत गरिएको छः

क्र.सं.	गर्भको अवस्था	गर्भवति महिलाको संख्या
१	सुत्केरी भएको	२०
२	सुत्केरी नभएको	१७
३	गर्भ खेर गएको	१
४	मृत्यु भएको	०
	जम्मा:	**३८**

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

२० जना गर्भवतिहरु अर्थात ५२.६ प्रतिशत महिलाहरुको मात्र यसै वर्ष सुत्केरी भएको पाईएको छ भने १७ जना गर्भवतिहरु अर्थात ४४.७ प्रतिशत महिलाहरुको सुत्केरी यस वर्ष भएको पाईएन। माथिको तालिकालाई प्रतिशतमा तल प्रस्तुत गरिएको छः



(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

प्रसुति गराएको स्थानलाई हेर्दा स्वास्थ्य संस्थामा ७६.९ प्रतिशतको प्रसुति भएको पाईयो भने ११.५ प्रतिशतको घरमै स्वास्थ्यकर्मीहरुको विना सहयोगमा प्रसुति भएको पाईयो। साथै ११.५ प्रतिशतको स्वास्थ्यकर्मीको सहयोगमा घरमा प्रसुति भएको पाईयो। माथिको विवरणलाई हेर्दा घरमा स्वास्थ्यकर्मी विना जोखिममा पनि प्रसुती गराईएको पाईएको छ। प्रतिशतलाई तलको तालिकामा उल्लेख गरिएको छः



(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

४.१० नियमित रुपमा तौल लिइएका बालबालिका सम्बन्धि विवरण

२ वर्षसम्मको बालबालिकाको मासिक र २ देखि ५ वर्ष सम्मकाको त्रैमासिक रुपमा तौल लिने गरिएको अवस्थाको बारेमा जानकारी लिदां ७७.६७ प्रतिशत नियमित तौल लिने गरिएको छ भने २२.३३ प्रतिशत बालबालिकाको नियमित तौल लिने नगरिएको पाईएको छ। तलको तालिकामा प्रतिशत र संख्या उल्लेख गरिएको छः

२ वर्ष सम्मको बालबालिकाको मासिक र २ देखि ५ वर्ष सम्मकाको त्रैमासिक रुपमा तौल लिने गरिएको छ/छैन		
तौल सम्बन्धी विवरण	प्रतिशत	संख्या

तौल लिने गरेको	७७.६७%	२३३
तौल लिने नगरेको	२२.३३%	६७
जम्मा	**१००.००%**	**३००**

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

४.११ भिटामिन ए तथा जुकाको औषधि खाएका बालबालिका सम्बन्धि विवरण

यस वडाका ५ वर्ष मुनिका बालबालिकाहरुलाई २ पटक भिटामिन 'ए' र जुकाको औषधि सेवन गराएको अवस्थाको विश्लेषण गर्दा ९५ प्रतिशत भन्दा बढि बालबालिकाहरुलाई भिटामिन 'ए' र जुकाको औषधि खुवाएको पाईएको छ। तल उल्लेखित तालिकाले विस्तृतमा उक्त विश्लेषण प्रस्तुत गरेको छः

भिटामिन 'ए' र जुकाको औषधि खुवाएको/नखुवाएको अवस्था									
लिङ्ग	**भिटामिन 'ए' खुवाएको**		**भिटामिन 'ए' नखुवाएको**		**जुकाको औषधि खुवाएको**		**जुकाको औषधि नखुवाएको**		**जम्मा**
	प्रतिशत	**संख्या**	**प्रतिशत**	**संख्या**	**प्रतिशत**	**संख्या**	**प्रतिशत**	**संख्या**	
बालिका	९६.६४%	१४४	३.३६%	५	९५.९७%	१४३	४.०३%	६	१४९
बालक	९७.७९%	१७७	२.२१%	४	९८.३४%	१७८	१.६६%	३	१८१
जम्मा									३३०

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

जम्मा ३३० जना बालबालिका मध्ये ५ जना बालिका र ४ जना बालकलाई भिटामिन 'ए' खुवाएको पाईएन र ६ जना बालिका र ३ जना बालकलाई जुकाको औषधि खुवाएको पाईएन।

४.१२ एचआइभी संक्रमित आमाबाट जन्मेका बालबालिका

यस वडाका परिवारमा एचआइभी संक्रमित आमाबाट जन्मेका बालबालिका छैनन्।

४.१३ आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार सम्बन्धी विवरण

यस वडाका सतप्रतिशत घरपरिवारहरुले आयोडिनयुक्त नुनको प्रयोग गर्दछन्।

४.१४ शौचालय तथा सरसफाई सम्बन्धी अवस्था

यस वडाका कूल परिवार मध्ये ९९.७३% परिवारको शौचालय भएको पाईएको छ। ५१२ परिवार अर्थात २२.९०% ले पक्कि (वाटर सिल्ड) शौचालय प्रयोग गर्दछन् भने ४९९ परिवार अर्थात २२.३२% ले कच्ची शौचालय प्रयोग गर्दछन्। यस वडामा प्रयोग भईरहेको शौचालयको प्रकार, प्रयोगकर्ताको संख्या र प्रतिशत तलको तालिकामा उल्लेख गरिएको छः

घरपरिवारमा शौचालयको अवस्था			
क्र. सं.	**शौचालयको प्रकार**	**घरपरिवार (प्रतिशतमा)**	**घरपरिवार संख्या**
१	कच्ची शौचालय	२२.३२%	४९९
२	पक्कि(वाटरसिल्ड)	२२.९०%	५१२

३	वायो ग्याँस जडान भएको	५४.२५%	१२१३
४	ढलमा जडान भएको	०.२७%	६
५	शौचालय नभएको	०.२७%	६
	जम्मा:	**१००.००%**	**२२३६**

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

शौचालयमा वायोग्याँस जडान भएको परिवारको संख्या १२१३ (५४.२५%) छ भने शौचालय नै नभएको परिवारको संख्या ६ (०.२७%) भेटिएको छ।

घरपरिवारमा सरसफाईको अवस्थालाई विश्लेषण गर्दा यस वडाका २ घरपरिवारमा हातधुने व्यवस्था नभएको पाईएको छ तर ९८.७९ प्रतिशत परिवारले हातधुने व्यवस्था भएको र धुने गरेका छन्। हात धुने व्यवस्था र प्रयोगबारे तलको तालिकामा थप प्रस्तुत गरिएको छः

परिवारमा हातधुने व्यवस्था र प्रयोग

क्र. सं.	परिवारमा हातधुने व्यवस्था र प्रयोग	हातधुने व्यवस्था र प्रयोग (प्रतिशत)	हातधुने व्यवस्था र प्रयोगको संख्या	कैफियत
१	ब्यबस्था छ, सधै धुन्छु	९८.७९%	२२०९	
२	ब्यबस्था छ, कहिले-कहिँ धुन्छु	१.१२%	२५	
३	ब्यबस्था छ, कहिलै धुन्न	०.००%	०	
४	ब्यबस्था नै छैन, कहिलै धुन्न	०.०९%	२	
	जम्मा:	**१००.००%**	**२२३६**	

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

परिवारको सदस्यहरुले प्रायः कुन कुन अवस्थाहरुमा हात धुने गरेका छन् भन्ने व्यवहारिक प्रयोगबारे विश्लेषण गर्दा निम्नानुसारको अवस्था देखिएको छः



(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

हात धुने फरक फरक व्यवहारहरु प्रचलनमा छन्। खाना खानु अघि हात धुने ३.०७ प्रतिशत, खाना खाए पछि हात धुने ०.८१ प्रतिशत, खाना अघि र पछि हात धुने ०.९४ प्रतिशत, शौचालय गरे-गराए पछि हात धुने १.१५ प्रतिशत र फोहर वस्तु छोए पछी हात धुने ०.९४ प्रतिशत परिवारहरु रहेका छन्। सबै अवस्थाहरुमा हात धुने घरपरिवारहरु ९३.०८ प्रतिशत रहेका छन्।

हात धुंदा प्रयोग गर्ने साधनलाई हेर्दा प्रायः जसो घरपरिवारले (९९.८२%) साबुन पानीको प्रयोग गर्ने र ४ घरपरिवारले (०.१८%) ले कुनै पनि साधन प्रयोग नगर्ने गरेको पाईयो।

४.१५ खानेपानीको श्रोत तथा उपलब्धता सम्बन्धी विवरण

यस वडाका कूल घरपरिवारहरु मध्ये ९५.८९% ले पाइप-धारा (घरमै भएको) प्रयोग गर्दछन् भने ४.१२% ले घरमा नभएको खानेपानीको श्रोत प्रयोग गर्दछन्। यस वडाका घरपरिवारले प्रयोग गरिरहेका खानेपानीको स्रोत तल प्रतिशतमा उल्लेख गरिएको छः



(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथिको तालिकामा २.७३% परिवारले इनार, कुवा वा जरुवाको पानी प्रयोग गर्दछन् भने १.३९% परिवारले ट्युबवेलको पानी प्रयोग गर्दछन्। यस वडाका घरपरिवारले प्रयोग गरिरहेका खानेपानीको स्रोतको संख्यात्मक विवरण तल उल्लेख गरिएको छः

घरपरिवारले प्रयोग गर्ने खानेपानीको स्रोत

क्र. सं.	स्रोतको नाम	संख्या	कैफियत
१	पाइप-धारा (घरमै भएको)	२१४४	
२	ट्युबवेल	३१	
३	इनार/कुवा/जरुवा	६१	
४	नदि/कुलो/नहर/पोखरी	०	
५	बर्षातको पानी	०	
६	अन्य	०	
	जम्मा :	२२३६	

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

घरमै धारा भएका बाहेकका परिवारहरुले १५ मिनेटको दुरीबाट खानेपानी ल्याउने ४.६५ प्रतिशत परिवार, १५ देखी ३० मिनेटको दुरीबाट पानी ल्याउने १.५७ प्रतिशत र ३० मिनेट भन्दा बढिको दुरीबाट पानी ल्याउने ०.०४ प्रतिशत परिवार भएको पाईयो। यस वडाका घरपरिवारले प्रयोग गरिरहेका खानेपानीको मूख्य स्रोत सम्म लाग्ने दुरी तल उल्लेख गरिएको छः

घरधुरीको खानेपानीको मुख्य स्रोतको दुरी

क्र. सं.	दुरी	घरधुरीबाट मूख्य स्रोत सम्मको दुरी (प्रतिशतमा)	घरधुरी संख्या	कैफियत
१	घरमै भएको	९३.७४%	२०९६	
२	१५ मिनेट	४.६५%	१०४	
३	१५ देखि ३० मिनेट	१.५७%	३५	
४	३० मिनेट भन्दा बढी	०.०४%	१	
जम्मा :		१००.००%	२२३६	

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

खानेपानी शुद्धीकरण विधिबारे वडाबासीहरुको जानकारी अनुसार श्रोतमा नै शुद्ध पानी छ भन्ने घरपरिवार ७८.२७% छन् र केही नगरी पिउने गरेका वडाबासीहरु २०.५५% रहेका छन्। खानेपानी शुद्धीकरण विधिको प्रयोगबारे थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः



(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

उक्त तालिका अनुसार उमालेर प्रयोग गर्ने वडाबासीहरु १.०९% छन् र सुरक्षित फिल्टर जडान भएको छ भन्ने वडाबासीहरु ०.०८% छन्। परिवारहरुले एक भन्दा बढि विधिहरु पनि प्रयोग गरिरहेको पाईयो।

खानेपानीको कारणले विगत १ वर्षमा रोग लागेका घरपरिवारको संख्या जम्मा ८ रहेको पाईयो जस्मा २ जनालाई हैजा/झाडावान्ता, २ जनालाई जन्डिस र ४ जनालाई जियार्डियाको संक्रमण भएको पाईयो। उक्त संख्यालाई तलको तालिकामा प्रतिशतमा प्रस्तुत गरिएको छः



(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

खण्ड ५ वडाको शैक्षिक अवस्था

५.१ महिला तथा बालबालिकाको साक्षरता विवरण

यस वडाका बालबालिका भएका घरपरिवारको महिला साक्षरता (६ वर्ष र माथिका) अवस्था विश्लेषण गर्दा ४,५०७ (८८.२९ प्रतिशत) महिला साक्षर अर्थात लेखपढ गर्न सक्ने रहेका छन् भने ५९८ (अर्थात ११.७१ प्रतिशत) महिला अहिले पनि असाक्षर रहेका छन्। ६ वर्ष देखी १८ बर्ष सम्मका बालबालिकाको साक्षरता अवस्था महिलाको भन्दा राम्रो अवस्थामा रहेको छ। बालबालिकाको साक्षरता प्रतिशत ९९.६९ प्रतिशत रहेको छ। बालिकाको साक्षरता बालकको भन्दा कम रहेको छ। बालबालिकाको साक्षरता प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छः



(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

६ वर्ष देखी १८ बर्ष सम्मका बालबालिकाको कूल जनसंख्या २,२६७ जस्मा ११४० (५०.२९%) बालिका र ११२७ (४९.७१%) बालक रहेका छन्। जम्मा ७ (०.३१%) जना बालबालिकाहरु वडामा निरक्षर रहेका छन्।

५.२ शैक्षिक संस्थाहरुको विवरण

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयहरुको विवरण निम्नानुसार प्रस्तुत गरिएको छः

क्रस	विद्यालयको किसिम	विद्यालयको नाम	शैक्षिक किसिम	ठेगाना
१	सामुदायिक	ब्रम्हदेवी प्राथमिक विद्यालय	(१-५)	हे.न.पा. – १२
२	सामुदायिक	पशुपति आधारभूत विद्यालय	(१-८)	हे.न.पा. – १२
३	सामुदायिक	प्रतिभा आधारभूत विद्यालय	(१-५)	हे.न.पा. – १२
४	सामुदायिक	विष्णुज्योति आधारभूत विद्यालय	(१-८)	हे.न.पा. – १२
५	सामुदायिक	बुद्ध माध्यमिक विद्यालय	(१-१०)	हे.न.पा. – १२
६	संस्थागत	सनराईज इबोमावि	(१-१०)	हे.न.पा. – १२

(श्रोत: हेटौँडा उपमहानगरपालिका शिक्षा शाखा)

५.३ छात्रछात्राको विवरण

५.३.१ शैक्षिक संस्था र विध्यार्थी विवरण

यस वडामा रहेको एक सामुदायिक र एक संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको विवरण निम्नानुसार प्रस्तुत गरिएको छः

क्रस	विद्यालयको किसिम	विद्यालयको नाम	शैक्षिक किसिम	विद्यार्थी संख्या		
				छात्रा	छात्र	जम्मा
१	सामुदायिक	ब्रम्हदेवी प्राथमिक विद्यालय	(१-५)	७४	८९	१६३
२	सामुदायिक	पशुपति आधारभूत विद्यालय	(१-८)	३९	२७	६६
३	सामुदायिक	प्रतिभा आधारभूत विद्यालय	(१-५)	७७	८३	१६०
४	सामुदायिक	विष्णुज्योति आधारभूत विद्यालय	(१-८)	१६८	१५२	३२०
५	सामुदायिक	बुद्ध माध्यमिक विद्यालय	(१-१०)	२८९	२५८	५४७
६	संस्थागत	सनराईज इबोमावि	(१-१०)	५१७	५३८	१०५५
			जम्मा	११६४	११४७	२३११

(श्रोत: हेटौँडा उपमहानगरपालिका शिक्षा शाखा)

माथिको तालिका अनुसार जम्मा विद्यार्थी संख्या २,३११ (सामुदायिक – १,२५६ र संस्थागत – १,०५५) रहेको छ र विद्यालयमा बालक भन्दा बालिकाको उपस्थिति तुलनात्मक रुपमा धेरै देखिन्छ। सामुदायिक विद्यालयमा ५४.३५ प्रतिशत विद्यार्थीहरु अध्ययनरत छन् अर्थात संस्थागत विद्यालयमा भन्दा धेरै विद्यार्थी सामुदायिक विद्यालयमा छन्। संस्थागत विद्यालयमा ४५.६५ प्रतिशत विद्यार्थीहरु अध्ययनरत छन्। सामुदायिक विद्यालयमा उपस्थित भएका बालबालिकाहरुको संख्यालाई हेर्दा बालक भन्दा बालिकाको संख्या तुलनात्मक रुपमा धेरै रहेको छ। तर संस्थागत विद्यालयमा सामुदायिक विद्यालयको भन्दा बढि अनुपातमा बालकहरुको उपस्थिति देखिन्छ। छोराहरुलाई अग्रेजी माध्यमको विद्यालयमा पढाउने प्रवृत्ति रहेको देखिन्छ। समग्रमा विद्यालयहरुको अवस्था राम्रो रहेको छ। माथिको तथ्याङ्कमा यस वडा भन्दा बाहिरबाट आएका विद्यार्थीहरु समावेश भएको देखिन्छ।

५.३.२ वडामा अध्ययनरत बिद्यार्थी विवरण

यस वडाका विद्यालयमा अध्ययनरत बालबालिकाको संख्या जम्मा १९९२ रहेका छन् जसमध्ये ९९१ बालक र ९९६ बालिका रहेका छन् अर्थात बालक भन्दा बालिकाको संख्या धेरै रहेको छ। विभिन्न कक्षा समूहमा अध्ययनरत बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छः

कक्षा	बालिका	बालक	यौनिक तथा अल्पसंख्यक
० देखि ५ कक्षा	५७९	६०९	०
६ देखि ८ कक्षा	२३१	२५५	३
९ देखि १० कक्षा	१४४	१०३	१
११ देखि १२ कक्षा	४२	२४	१
जम्मा:	९९६	९९१	५

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथिको तालिकाको विश्लेषण गर्दा सबैभन्दा धेरै बालबालिका पूर्व प्राथमिक र प्राथमिक तह (५ सम्म) मा अध्ययनरत छन् भने उच्च मध्यामिक तह अर्थात ११ देखी १२ कक्षामा सबैभन्दा कम अध्ययनरत छन् त्यस्तैगरी निमावि (६ देखी ८) आधारभूत र मध्यामिक कक्षामा क्रमशः बालबालिका संख्या तल्लो तहको भन्दा घट्दो क्रममा रहेको छ। माथिको विवरणमा सानो कक्षाहरुमा भए जति बालबालिका माथिल्लो कक्षाहरुमा देखिएन अर्थात त्यो संख्या कम हुदै गएको देखिन्छ। यसका धेरै कारणहरु हुन सक्दछन्।

५-१४ वर्ष उमेरका बालबालिकाहरुको शैक्षिक अवस्था निम्नानुसार रहेको छः

५ देखि १४ वर्ष उमेरका बालबालिका			**आधारभूत १-८ कक्षा सम्मको शिक्षा पूरा गरेका बालबालिका**		
बालिका	**बालक**	**जम्मा**	**बालिका**	**बालक**	**जम्मा**
७९९	७९०	१५८९	७०६	७७६	१४८२

(श्रोत: हेटौंडा उपमहानगरपालिका शिक्षा शाखा)

माथिको विवरण अनुसार कूल ५-१४ वर्ष उमेरका १,५८९ बालबालिकाहरु मध्ये ९३.३ प्रतिशत बालबालिकाले मात्र आधारभूत शिक्षा पूरा गरेका छन्।

५.४ विद्यालय पुग्न लाग्ने समय

घरबाट विद्यालय पुग्न लाग्ने समयलाई विश्लेषण गर्दा धेरै जसो घरपरिवारलाई बढिमा ३० मिनेट समय लाग्ने गरेको पाईयो अर्थात १,३१७ घरपरिवारको ३० मिनेटको दुरीमा विद्यालय रहेको देखिन्छ। ६८ घरपरिवारलाई विद्यालय पुग्न सबैभन्दा बढि समय लाग्ने गरेको पाईयो। उनीहरुलाई १ घण्टा भन्दा बढि समय लाग्ने गरेको पाईयो। त्यस्तैगरी १,२४७ घरपरिवारलाई १५ देखी ३० मिनेट सम्म समय लाग्ने गरेको पाईयो भने २४९ घरपरिवारलाई ३० देखी १ घण्टा सम्म समय लाग्ने गरेको पाईयो। विद्यालय पुग्न लाग्ने समयलाई प्रतिशतमा तलको रोटी चित्रमा प्रस्तुत गरिएको छः



(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

माथिको रोटी चित्रले दर्शाए अनुसार यस वडामा ८१.०५ प्रतिशत घरपरिवारलाई विद्यालय पुग्न ३० मिनेट भन्दा कम समय लाग्ने गरेको पाईयो र १५ मिनेट भन्दा कम समय लाग्ने घररिवार ४.३१ प्रतिशत रहेको पाईयो भने ४.१८ प्रतिशत घरपरिवारलाई १ घण्टा भन्दा बढि समय लाग्ने गरेको पाईयो।

५.५ विद्यालयमा खानेपानीको सुविधा

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयमा खानेपानीको सुविधा उपलब्ध भएको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

विद्यालयको किसिम	विद्यालयको नाम	शैक्षिक किसिम	खानेपानी सुविधा
सामुदायिक	ब्रम्हदेवी प्राथमिक विद्यालय	(१-५)	भएको
सामुदायिक	पशुपति आधारभूत विद्यालय	(१-८)	भएको
सामुदायिक	प्रतिभा आधारभूत विद्यालय	(१-५)	भएको
सामुदायिक	विष्णुज्योति आधारभूत विद्यालय	(१-८)	भएको
सामुदायिक	बुद्ध माध्यमिक विद्यालय	(१-१०)	भएको
संस्थागत	सनराईज इबोमावि	(१-१०)	भएको

(श्रोत: हेटौँडा उपमहानगरपालिका शिक्षा शाखा)

५.६ छात्रछात्राहरुको लागि शौचालयको व्यवस्था

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयमा छात्रछात्राहरुको लागि शौचालयको व्यवस्था उपलब्ध भएको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

विद्यालयको किसिम	विद्यालयको नाम	शैक्षिक किसिम	शौचालय
सामुदायिक	ब्रम्हदेवी प्राथमिक विद्यालय	(१-५)	भएको
सामुदायिक	पशुपति आधारभूत विद्यालय	(१-८)	भएको
सामुदायिक	प्रतिभा आधारभूत विद्यालय	(१-५)	भएको
सामुदायिक	विष्णुज्योति आधारभूत विद्यालय	(१-८)	भएको
सामुदायिक	बुद्ध माध्यमिक विद्यालय	(१-१०)	भएको
संस्थागत	सनराईज इबोमावि	(१-१०)	भएको

(श्रोत: हेटौँडा उपमहानगरपालिका शिक्षा शाखा)

५.७ कक्षाकोठा, फर्निचर, खेल मैदान सम्बन्धि विवरण

यस वडामा रहेको सामुदायिक र संस्थागत विद्यालयमा कक्षाकोठा तथा फर्निचर र खेल मैदान सम्बन्धि विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

विद्यालयको किसिम	विद्यालयको नाम	शैक्षिक किसिम	आवश्यकिय सुविधा	
			खेल मैदान	कक्षा कोठा र फर्निचर

सामुदायिक	ब्रम्हदेवी प्राथमिक विद्यालय	(१-५)	छ	छ
सामुदायिक	पशुपति आधारभूत विद्यालय	(१-८)	छ	छ
सामुदायिक	प्रतिभा आधारभूत विद्यालय	(१-५)	छ	छ
सामुदायिक	विष्णुज्योति आधारभूत विद्यालय	(१-८)	छ	छ
सामुदायिक	बुद्ध माध्यमिक विद्यालय	(१-१०)	छ	छ
संस्थागत	सनराईज इबोमावि	(१-१०)	छ	छ

(श्रोत: हेटौँडा उपमहानगरपालिका शिक्षा शाखा)

५.८ विद्यालय भर्ना नभएका बालबालिकाको विवरण

विद्यालय भर्ना नभएका बालबालिका जम्मा १० जना रहेका छन् जस्को लैंङ्गिकता र उमेर निम्नानुसार रहेका छन्:

लिङ्ग	५ देखि ९ वर्ष	१० देखि १४ वर्ष	१५ देखि १८ वर्ष
बालिका	५	१	०
बालक	३	१	०
जम्मा	**८**	**२**	**०**

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

तुलनात्मक रुपमा बालक भन्दा धेरै बालिका विद्यालय भर्ना नभएको पाईयो। ५-९ वर्ष उमेर समूहका बालिका बालक भन्दा धेरै विद्यालय भर्ना नभएको पाईयो।

५.९ विद्यालय जान छोड्नेहरु सम्बन्धि विवरण

यस वडामा जम्मा १४ जना (९ बालक र ५ बालिका) विद्यालय छाडेका बालबालिका रहेका छन् जस्मा बालकको संख्या धेरै रहेको छ। विद्यालय छोड्नु पर्ने कारणहरु तलको तालिकामा प्रस्तुत गरिएको छः



(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

विद्यालय छोड्नुको कारणहरु विश्लेषण गर्दा सबैभन्दा धेरै विद्यालयको वातावरण अर्थात बालमैत्री नभएको कारणलाई मानिएको छ (५८.६२%) र दोस्रोमा माथि उल्लेखित बाहेकका कारणहरु देखिएका छन् (२२.४१%)। त्यस्तैगरी विद्यालय टाढा भएरमा १०.३४%, बालश्रममा (५.१७%) र पारिवारिक समस्या जस्तै झगडामा (३.४५%) कारण देखिएको छ।

५.१० बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण

बाल विकास केन्द्र वा पूर्व प्रा.बि. तहमा जाने (३ देखि ५ वर्ष सम्मका) बालबालिकाको संख्या १९२ रहेको छ। जस्मा बालकको संख्या १०४ र बालिकाको संख्या ८८ रहेको छ। उक्त संख्यालाई प्रतिशतमा निम्नानुसार उल्लेख गरिएको छः



(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

वडाको उक्त उमेर समूहका जम्मा बालबालिका र बाल विकास केन्द्र वा पूर्व प्रा.बि. तहमा गईरहेका बालबालिकाको तुलनात्मक अवस्था तलको तालिकामा उल्लेख गरिएको छः

क्र.सं.	३-५ वर्ष उमेरका बालबालिका	वडाको संख्या	बाल बिकास केन्द्र वा पूर्व प्राथमिक विद्यालय जाने	संख्या	प्रतिशत
१	बालिका संख्या	२२०	बालिका संख्या	८८	४०.००
२	बालक संख्या	२४६	बालक संख्या	१०४	४२.२८
	जम्मा:	**४६६**	**जम्माः**	**१९२**	

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

३-५ वर्ष उमेरका ४६६ बालबालिकामा १९२ अर्थात ४१.२० प्रतिशत बालबालिकाहरु बाल विकास केन्द्र/पूर्व प्राथमिक विद्यालयमा गईरहेका छन्।

खण्ड ६ वडामा बाल संरक्षण

६.१ द्धन्द्ध पिडित तथा जोखिममा परेका बालबालिका सम्बन्धी विवरण

यस वडामा द्धन्द्ध पिडित बालबालिका भएको पाईएन। यस वडामा ३० प्रतिशत परिवार ज्याला मजदुरीबाट आम्दानी गर्दछन् र ज्याला मजदुरी आफैमा न्यून आय हो। त्यस्तैगरी यस वडामा ६ महिना भन्दा कम अवधिको लागि मात्र खान पुग्ने अवस्थामा ९.४% परिवार छन्। त्यसकारण ती परिवारका बालबालिकाहरु बाल संक्षणको जोखिममा रहेको देखिन्छ।

६.२ विस्तापित बालबालिका सम्बन्धी विवरण

यस वडामा विस्तापित बालबालिका रहेको देखिएन।

६.३ बालबालिकामाथि हुने भेदभाव सम्बन्धी विवरण

बालबालिकाले परिवारमा कमजोरी गरेमा घरपरिवारले गर्ने व्यवहारको विश्लेषण गर्दा बहुसंख्यक ९७.१२ प्रतिशत घरपरिवारले सम्झाउने गरेको पाईयो भने २.५६ प्रतिशत घरपरिवारले गालि गर्ने र ०.२७ प्रतिशतले कुटपिट जस्तो कठोर कार्य गर्ने गरेको पाईयो। त्यस्तैगरी ०.०५ प्रतिशतले कोठामा थुन्ने जस्ता कठोर सजाय दिने गरेको पाईयो।

त्यस्तै गरी बिद्यालयमा बालबालिकाले गल्ती गरेमा पाउने सजायहरुको बारेमा विश्लेषण गर्दा सबैभन्दा धेरै परिवारहरुले बिद्यालयले सम्झाई बुझाई गर्ने गरेको जानकारी दिए भने सबैभन्दा कम परिवारहरुले बिद्यालयले शौचालयमा थुन्ने सजाय दिने गरेको जानकारी दिए। ९९.१९ प्रतिशत परिवारले बालबालिकाहरुलाई सम्झाई बुझाई गरिन्छ भनेका थिए र ०.०५ प्रतिशत परिवारले बालबालिकाहरुलाई शौचालयमा थुन्ने गरिन्छ भनेका थिए। बिद्यालयमा बालबालिकाले गल्ती गरेमा पाउने सजायहरुका किसिम र प्रतिशत तल प्रस्तुत गरिएको छः



बिद्यालयमा बालबालिकाले पाउने संजायबारे परिवारको अनुभव (प्रतिशतमा)

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

त्यस्तैगरी यस वडाका विद्यालयमा ०.१० प्रतिशत परिवारले विद्यार्थीमाथि कुटपिट गरेको अनुभव सुनाएको थिए भने ०.६७ प्रतिशतले गाली गर्ने गरेको अनुभव सुनाएको थिए।

विगत एक वर्षमा महिला तथा बालबालिका माथि घरपरिवारमा कुनै हिँसाको वा सामाजिक कुरीति सम्बन्धि घटना घटेको छ भन्नेबारे विश्लेषण गर्दा यस वडाका परिवारमा त्यस्तो प्रकारको घटनाहरु घटेको पाईएन।

६.४ बालश्रमिक सम्बन्धी विवरण

बालश्रमिक भन्नाले १८ बर्ष सम्मका बालबालिका अरुको घरमा काम गर्न बस्नु हो र यस वडामा बालबालिकाहरु बालश्रमिक रुपमा काम गरेको पाईएन। साथै आफ्नो घरमा पनि बालश्रमिक प्रयोग गरेको पाईएन।

६.५ बाल यौन शोषण तथा बेचविखन सम्बन्धी विवरण

बालबालिका भएको घरपरिवारहरु मध्ये ५.१ प्रतिशत घरपरिवारले बाल यौन शोषण भएको छैन भनेको पाईएको छ। यौन शोषण भएको वा नभएको बारे थाहा नहुने परिवार ९४.९% रहेको पाईयो। बाल यौन शोषण भएको या नभएको थाहा छैन भन्ने घरपरिवारले बाल यौन शोषण भित्र कस्ता कस्ता हिँसाका कुराहरु पर्दछन् भन्ने नजानेका हुन सक्दछन्।

६.६ सडक बालबालिकाको विवरण

यस वडामा सडक बालबालिका भएको पाईएन्।

६.७ कुलतमा लागेका बालबालिकाको विवरण

यस वडामा कुनै बालबालिका कुलतमा लागेको पाईएन।

६.८ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण

यस वडामा HIV Positive आमा/बुवाबाट जन्मेका बालबालिका भएको पाईएन साथै १८ वर्ष मुनिको बालबालिकालाई लागेको दिर्घ रोगको कारण मृत्यु भएको पनि पाईएन। बितेका १ वर्षभित्र २ परिवारमा ५ वर्षमुनिका बालबालिकाको मृत्यु भएको पाईयो।

६.९ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण

ज्याला मजदुरी गर्ने परिवारको संख्या र वर्षभरी धान्न सक्ने जीविकोपार्जनको अवस्थालाई हेर्दा यस वडामा खाद्यान्न संकटमा पर्न सक्ने परिवार रहेको देखिन्छ। ज्याला मजदुरीलाई पेशाको रुपमा लिएको परिवार ६६२ अर्थात ३० प्रतिशत छन् र यो परिवार खाद्यान्न संकटमा रहेको देखिन्छ। त्यस्तैगरी ३ महिना भन्दा कमका लागि खान पुग्ने अवस्थामा रहेका परिवार १०७ (४.८%) छन् र ३ देखी ६ महिना सम्म खान पुग्ने अवस्थामा १०२ (४.६%) परिवार छन्। ती परिवारको वर्षभरीको जीविकोपार्जन धान्न मुस्किल छ। उक्त परिवारमा रहेका बालबालिकाको खाद्यान्न संकटको विस्तृत खोज विवरण वडा कार्यलयले संकलन गरेर घटना व्यवस्थापन गर्न आवश्यक छ।

६.१० जाडो तथा गर्मिका कारण मृत्य हुने गर्भवति महिला तथा बालबालिकाको विवरण

यस वडामा जाडो तथा गर्मिका कारण मृत्य हुने गर्भवति महिला तथा बालबालिका भएको पाईएन।

६.११ संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण

संस्थागत हेरचाहमा एक जना बालक काठमाण्डौँमा रहेको पाईएको छ।

खण्ड ७ वडाको आर्थिक विकास

७.१ पेशा तथा रोजगारीको अवस्था सम्बन्धी विवरण

यस वडाका परिवारहरुको मुख्य पेशालाई विश्लेषण गर्दा ज्याला मजदुरीलाई मुख्य पेशा बनाउने परिवार सबैभन्दा धेरै रहेका छन् अर्थात ३०% परिवार ज्याला मजदुरीमा संलग्न छन् भने सबैभन्दा कम ब्यापार-व्यवसायमा १०% संलग्न छन्। परिवारको मुख्य पेशा सम्बन्धि थप विवरण (संख्या र प्रतिशत) निम्नानुसार रहेको छ:

क्र.सं.	परिवारको मुख्य पेशा	प्रतिशत	परिवार संख्या
१	कृषि/पशुपालन/फलफुल खेति	२३%	५११
२	ब्यापार-व्यवसाय	१०%	२२६
३	सेवा/नोकरी	१६%	३५०
४	ज्याला मजदुरी	३०%	६६२
५	विप्रेषण(विदेशबाट पठाएको रकम)	१७%	३७१
६	अन्य	५%	११६
	जम्मा :	१००%	२२३६

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

यस वडामा कृषि-पशुपालन-फलफुल खेति पेशा अगाल्नेहरु २३% रहेका छन् भने सेवा-नोकरी गर्नेहरु १६% रहेका छन्। त्यस्तैगरी वैदेशिक रोजगारमा रहेका परिवारहरु १७% रहेका छन् अर्थात यस वडाबाट ३७१ परिवारका सदस्यहरुले विदेशबाट विप्रेषण गर्दछन्। वैदेशिक रोजगार यस वडाको तेस्रो ठूलो मुख्य पेश रहेको देखिन्छ। माथि उल्लेखित बाहेक अन्य पेशामा ११६ अर्थात ५% परिवार संलग्न रहेका छन्।

७.२ आम्दानीले खान पुग्ने अवस्था सम्बन्धी विवरण

वर्षभरीको जीविकोपार्जनमा परिवारको आफ्नो उत्पादन/आम्दानीले धान्न सक्ने अवस्थाको विश्लेषण गर्दा यस वडाको ६७.१ प्रतिशत परिवारहरु आफ्नो आम्दानीले वर्षभरी खान पुग्ने र बचत पनि गर्न सक्ने अवस्थामा छन् र १० देखी १२ महिना सम्म खान पुग्ने परिवार १६.१% छन् भने साह्रै कमजोर परिवार पनि रहेको पाईयो जो ३ महिना भन्दा कमका लागि खान पुग्ने अवस्थामा छन् (४.८%)। ७ देखि ९ महिना सम्मको लागि खान पुग्ने परिवार ७.४% छन् र ३ देखी ६ महिना सम्म खान पुग्ने अवस्थामा ४.६% परिवार छन्। ६ महिना भन्दा कम अवधिको लागि मात्र खान पुग्ने अवस्थामा ९.४% परिवार छन्। आम्दानीले जीविकोपार्जन धान्न सक्ने अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छः

क्र.सं.	आम्दानीले खान पुग्ने परिवारीक अवस्था (महिनामा)	प्रतिशत	परिवार संख्या
१	३ महिना भन्दा कम	४.८%	१०७
२	३ देखी ६ महिना	४.६%	१०२
३	७ देखि ९ महिना	७.४%	१६६
४	१० देखि १२ महिना	१६.१%	३६१
५	बचत पनि हुने	६७.१%	१५००
	जम्मा :	१००%	२२३६

(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

७.३ युवा पेशा/रोजगारी सम्बन्धी विवरण

यस वडाका १६ देखी ४० वर्षका ७६६ युवाहरु विभिन्न पेशा/रोजगारीमा रहेका छन्। कृषिमा ३९१ जना, व्यापार व्यवसायमा १०२, जागिरमा १९७ जना र ज्याला मजदुरीमा ७६ आवद्ध छन्। सबैभन्दा बढि युवाहरु कृषिमा छन् र सबैभन्दा कम ज्याला मजदुरीमा छन्। तर उद्योग क्षेत्रमा यस वडामा कुनै पनि युवा संलग्न छैनन्। संलग्न भएका युवाहरुको विवरण प्रतिशतमा निम्नानुसार रहेको छः



(श्रोतः घरधुरी सर्वेक्षण, २०७९)

(नोटः माथि उल्लेखित तथ्याङ्क बालबालिका भएका परिवारको युवा रोजगारीको मात्र हो)

७.४ रोजगारीकालागि विदेशमा गएकाहरुको विवरण

वडाका घरपरिवारबाट वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको संख्या ५२९ रहेको छन्। ती वैदेशिक रोजगारमा गएका व्यक्तिहरु मध्ये १५.९ प्रतिशत महिला छन्। वैदेशिक रोजगारमा रहेका व्यक्तिहरु विगत लामो समय देखी गएको देखिन्छ। ५ वर्ष भन्दा कम र सो भन्दा बढि वर्ष गरेर दुई भागमा छुट्ट्याएर हेर्दा ५ वर्ष भन्दा कम समय वैदेशिक रोजगार रहेका व्यक्ति ४७.९ प्रतिशत छन् र उक्त विश्लेषण तलको तालिकामा प्रस्तुत गरिएको छः

क्र.सं.	परिवारको सदस्यहरु वैदेशिक रोजगारीमा गएको अवधि	प्रतिशत
१	५ वर्ष भन्दा कम	४७.९%
२	५ वर्ष भन्दा बढि	५२.१%

यस वडाबाट बहुसंख्यक युवाहरु खाडी मुलुकमा रोजगारीकोलागि गएको देखिन्छ।

खण्ड ८ वडाको प्रकोप तथा शान्ति सुरक्षा

८.१ प्रकोपको विवरण

बालबालिका भएको परिवारहरु मध्ये यस वडामा प्रकोपको कारणले प्रभावित १ परिवार रहेका छन्।

बालबालिका अध्ययन गर्ने विद्यालयमा प्रकोप जोखिमको अवस्था शुन्य रहेको पाईएको छ अर्थात जोखिम भएको पाईएन। बिद्यालय आउँदा जाँदा बालबालिकालाई हुन सक्ने जोखिमहरु पनि नभएको पाईएको छ।

८.२ प्रकोपबाट भएको क्षतिको विवरण

प्रकोप प्रभावित भए पनि क्षति भएको विवरण उपलब्ध भएन।

८.३ बाल अपराधको विवरण

बाल अपराध सम्बन्धि कुनै विवरण भएको पाईएन।